जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाईजो लिने र दिने काम नगरौं,
दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २७ •अंक २२८ • २०८२ साल माघ २ गते शुक्रबार (16 January, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## कोशीमा नहर मार्ग निर्माण

**टुडे समाचारदाता**

जनकपुरधाम। कोशी ब्यारेजदेखि भारतको मधुबनी जिल्ला साहरघाटसम्मको नहर मार्ग निर्माण कार्य प्रक्रिया अन्तिम चरणमा पुगेको छ। भारत सरकारको पश्चिमी कोशी नहर परियोजना अन्तर्गत कोशी ब्यारेज–साहरघाट नहर मार्ग निर्माण परियोजनाले स्वीकृति पाएको हो।

पश्चिमी कोशी नहर प्रमण्डल, बेनीपट्टीका कार्यपालक अभियन्ता मो. आयत करीमका अनुसार कुल ३,४८४ करोड भारतीय रुपैयाँ लागतमा नेपालस्थित कोशी ब्यारेजदेखि साहरघाटसम्म मुख्य नहरको लाइनिङ (कन्क्रिटले पक्की बनाउने) तथा नहरसँगै पक्की सडक निर्माण गरिनेछ।

उनका अनुसार नेपालतर्फ करिब ३६ किलोमिटर र भारततर्फ ५६.७ किलोमिटर मुख्य कोशी नहरमा निर्माण कार्य हुनेछ। साथै, २० किलोमिटर लामो साहरघाट शाखा नहरमा समेत निर्माण तथा सुधार कार्य गरिनेछ। यस क्रममा पुल, सिँढी, आउटलेट तथा अन्य आवश्यक संरचनाहरू निर्माण गरिने योजना छ। सन् २०२५ मा परियोजनाको सम्झौता सम्पन्न भइसकेको र २०२८ सम्म काम पूरा गर्ने लक्ष्य राखिएको छ।

### समन्वय समितिमा ५ सदस्य थप

# एकीकृत जसपा नेपालको पहिलो बैठक, अद्यावधिकमा झमेला

**टुडे समाचारदाता**

काठमाण्डु। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (जसपा) नेपाल एकीकरण भएपछिको पहिलो बैठकले निर्वाचन सम्बन्धी निर्णय र १२ बुंदे सहमतिलाई अनुमोदन गरेको छ।

जसपा नेपालको बालकुमारीस्थित केन्द्रीय कार्यालयमा बिहीवार बसेको समन्वय समितिको बैठकले आसन्न आम निर्वाचनमा पार्टीको टिकटमा अध्यक्ष उपेन्द्र यादव र संरक्षक महन्थ ठाकुरको संयुक्त हस्ताक्षर रहने निर्णयलाई अनुमोदन गरेको छ।

एकीकृत भएको जसपा नेपालले पार्टीको केन्द्रीय समन्वय समितिका संरक्षक र अध्यक्षको नाम सहितको विषयमा अद्यावधिक गर्न निर्वाचन आयोगमा निवेदन दिएको छ। तर झण्डै १९ महिना पूर्व सम्पन्न भएको जसपा नेपालको एकताको दोस्रो राष्ट्रिय महाधिवेशनको निर्वाचन लगायतको परिणामलाई अद्यावधिक गरेको छैन्। जसपा नेपालको तर्फबाट अध्यक्ष यादवले सर्वोच्च अदालतमा दायर गरेको रिट विचाराधीन अवस्थामा छ।

संरक्षकमा ठाकुर र केन्द्रीय समन्वय समिति सहितको नामावलीलाई निर्वाचन आयोगले अद्यावधिक गरेको जनाउ अझै दिएको छैन्। प्रतिनिधि सभाको चुनावका लागि माघ ६ गते उम्मेदवारी दर्ताको कार्यक्रम रहेको छ। स्रोतहरुका अनुसार अद्यावधिकमा झमेला रहेको छ।

दुई दल एकीकरणको क्रममा भएको १२ बुंदे सहमतिलाई समेत बैठकले अनुमोदन गरेको समन्वय समिति सदस्य परमेश्वर साहले जनाएका छन्। जसपा नेपाल केन्द्रीय समन्वय समितिको प्रथम बैठकले समन्वय समितिमा पाँच जना नयाँ सदस्य थप गर्ने निर्णय गरेको छ।

बैठकले पूर्व मन्त्री एवं जसपा नेपालका निवर्तमान उपाध्यक्ष राजकिशोर यादव, पूर्व प्रदेश मन्त्री शैलेन्द्र




प्रसाद साह, मटिहानी नगरपालिकाका मेयर हरि मण्डल, पूर्व मन्त्री प्रदीप यादव र जय प्रकाश ठाकुरलाई केन्द्रीय समन्वय समितिको सदस्यमा मनोनयन गरेको छ।

जसपा नेपाल र लोसपाबीच सहमति भएको ६०/४०प्रतिशतको अनुपातमा नै जसपा नेपालबाट राजकिशोर यादव, प्रदीप यादव र शैलेन्द्र साह र लोसपाबाट हरिप्रसाद मण्डल र जयप्रकाश ठाकुरलाई समन्वय समितिमा मनोनित गरिएको छ।

एकीकरणपछिको पार्टी संरचना, कार्यदिशा र राजनीतिक एजेन्डालाई अघि बढाउने सन्दर्भमा बैठकलाई महत्वपूर्ण रूपमा हेरिएको र पार्टी एकीकरणलाई औपचारिक रूपमा अनुमोदन समेत गरेको साहले जनाएका छन्।

बैठकले पार्टी संगठनलाई थप समावेशी, सन्तुलित र प्रभावकारी बनाउने उद्देश्यले विभिन्न क्षेत्र, समुदाय र राजनीतिक पृष्ठभूमिका नेताहरूलाई समन्वय समितिमा समेटिएको जनाएको छ। नव-थपिएका नेताहरू मधेश केन्द्रित आन्दोलन, संगठन निर्माण र पार्टी गतिविधिमा लामो समयदेखि सक्रिय रहँदै आएका नेताहरु रहेको सदस्य समेत रहेका पूर्व मेयर लालकिसोर साहले जनाएका छन्।

'बलीदानी दिवस माघ ५ गते प्रत्येक संसदीय निर्वाचन क्षेत्रमा मनाउने निर्णय गरेको छ' साहले भने, बलिदानी दिवसका अवसरमा मधेश आन्दोलन, लोकतान्त्रिक संघर्ष तथा संघीयता र समावेशीताका लागि आफ्नो जीवन उत्सर्ग गरेका शहीदहरूको स्मरण गर्दै देशभर विविध कार्यक्रम आयोजना गरिने निर्णय भएको छ।

त्यसैगरी बैठकले माघ ३ गते प्रदेश स्थापना दिवस निर्वाचन क्षेत्र स्तरमा मनाउने निर्णय गरिएको छ। सो अवसरमा संघीयता, प्रदेश अधिकार र मधेश आन्दोलनका उपलब्धिमाथि केन्द्रित विशेष कार्यक्रम आयोजना गरिने निर्णय भएको साहले जनाए।

राष्ट्रिय सभाको निर्वाचनमा गठबन्धन दलहरुबीच भएको सहमतिलाई कार्यान्वयन गराउँदै चुनावका लागि ३ सदस्यीय समिति गठन गरेको छ। सो समितिमा राष्ट्रिय सभा सदस्य खालिद सिद्दिकी, परमेश्वर साह र लालकिशोर साह रहेका छन्। समितिलाई निर्वाचन रणनीति, समन्वय र व्यवस्थापनको जिम्मेवारी तोकिएको छ।

बैठकले केन्द्रीय समन्वय समितिका सदस्यहरूको जिम्मेवारी बाँडफाँट गरी प्रत्येक संसदीय निर्वाचन क्षेत्रमा खटाउने निर्णय गरेको समन्वय समिति सदस्य रहेका पूर्व मन्त्री उमेश यादवले जनाएका छन्। यस निर्णयलाई एकीकरणपछि पार्टी संगठनलाई तल्लो तहसम्म सक्रिय बनाउने रणनीतिक कदमका रूपमा लिएको उनले बताए।

बैठकमा पार्टी एकीकरणपछि देखिन सक्ने संगठनात्मक चुनौती, कार्यकर्ता व्यवस्थापन, सांगठनिक समायोजन र आगामी राजनीतिक कार्यदिशाका विषयमा समेत छलफल भएको बताइएको छ। नेताहरूले एकीकरणलाई कागजी मात्र नभई व्यवहारिक र वैचारिक रूपमा पनि सफल बनाउन आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिएका छन्।

पार्टी नेतृत्वले जसपा नेपाललाई मधेश केन्द्रित मात्र नभई राष्ट्रिय राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने लक्ष्यसहित अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ। एकीकरणपछिको पहिलो बैठकले संगठन विस्तार र राजनीतिक सक्रियता बढाउने सन्देश दिएको सहभागीहरुले जनाएका छन्।

### कांग्रेस आधिकारिकता विवाद छलफल शुरु

# एमालेसँगको गठबन्धन अन्योलमा

**टुडे समाचारदाता**

जनकपुरधाम। निर्वाचन आयोग नेपाली कांग्रेसको आधिकारिकताको विवादबारे अनौपचारिक छलफल शुरु गरेको छ। विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन थापा नेतृत्वले दलको विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा निवेदन दिएपछि आयोगले आधिकारिकता बारे छलफल शुरु गरेको हो।

नवनिर्वाचित कार्यसमितिले विशेष महाधिवेशनबाट भएको निर्णय र चयन भएको कार्यसमिति अनुसार दलको विवरण अद्यावधिकका लागि निवेदन आयोगमा बिहीवार दिएका हुन्।

यसअघि नै १४ औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशन सम्बन्धी कुनै कार्यक्रम नरहेको भनेर निवेदन दिइसकेको छ। यो अवस्थामा आयोग के गर्ने भनेर आयोग अनौपचारिक छलफलमा जुटेको छ।



गएराति सम्पन्न विशेष महाधिवेशनले गगन थापालाई सभापति चयन गरेको छ। तर, १४ औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा पक्षले गगन थापा, विश्वप्रकाश शर्मा र फरमुल्लाह मन्सुरलाई पाँच वर्षका लागि निस्कासन गर्ने निर्णय यसअघि नै गरिसकेका छन्।

दुवै पक्षले पार्टीको आधिकारिता आफूसँग रहेको दाबी गरिरहेका छन्। यो अवस्थामा आयोगले कांग्रेसको विधान, विगतका नजिर, सम्बन्धित अन्य ऐनलाई एक ठाउँमा राखेर अध्ययन सुरु गरेको जनाइएको छ।

यसअघि पनि आयोगले यो विषयमा छलफल गरेको थियो। तर निवेदन पुगेको थिएन्। अब नयाँ कार्यसमिति चयन भएपछि निवेदन आयोगको कार्यालयमा पुगेपछि प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित आयोगका अन्य आयुक्त र कर्मचारीहरू अनौपचारिक छलफल शुरु गरेका हुन्।

आउंदो फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत समानुपातिक तर्फको मनोनयन भइसकेको छ। प्रत्यक्षतर्फको मनोनयन यही माघ ६ गते हुनेछ। राष्ट्रिय सभा निर्वाचनका लागि पनि एमालेसँगको गठबन्धनमा उम्मेदवारी भइसकेको छ।

विशेष महाधिवेशनले निर्वाचित गरेको गगन थापाको उम्मेदवारको मनोनयन पत्रमा हस्ताक्षर गर्ने गरी आयोगमा निवेदन दिइएको छ। यसअघि शेरबहादुर देउवाले मनोनयन पत्रमा हस्ताक्षर गर्ने अधिकार पाएका थिए। यसकारण पनि कांग्रेसको आधिकारिकताको विषयमा निर्वाचन आयोगले केही दिन भित्रै निर्णय दिनुपर्नेछ।

विशेष महाधिवेशनबाट निर्वाचित भएकाहरूले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम अध्यावधिक गर्न आयोगमा निवेदन दिएका छन्। सभापति थापा सहितको पदाधिकारी टोलीले कानुनविद्हरू समेत लिएर निर्वाचन आयोग पुगी कार्यवहाक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई अधिकारिकताका लागि अनुरोध गरेका छन्।

सभापति थापाले महाधिवेशन विधानको धारा १७ को उपधारा २ अनुसार भएको जानकारी गराउंदै यो विधानको बाध्यकारी व्यवस्था भएको र त्यो व्यवस्था अन्तर्गत भएको महाधिवेशनले नयाँ नेतृत्व चयन गरेकाले अब नेपाली कांग्रेसको विवरण अद्यावधिक गर्नुपर्ने माग गरेका छन्।

### छलफलमा देउवा

यसैबीच विशेष महाधिवेशनबाट सभापतिमा सर्वसम्मत निर्वाचित गगन थापा नेतृत्वको समिति वैधानिकता दाबी गर्दै निर्वाचन आयोगमा निवेदन दिएपछि सभापति शेरबहादुर देउवा समूहले कानुनी परामर्श शुरु गरेको छ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्का निवास हात्तिगौडामा पूर्वमहान्यायाधिवक्ता उपेन्द्रकेशरी न्यौपाने, वरिष्ठ अधिवक्ता शेरबहादुर केसी, डेमोक्रयाटिक लयर्श एसोसिएसनका निवर्तमान अध्यक्ष योगेन्द्र अधिकारी वर्तमान महासचिव ज्ञानेन्द्र अधिकार ीसहितका अधिवक्ताहरूसँग नेताहरूले परामर्श गरेका छन्।

परामर्शमा पार्टीभित्र देखिएको विवाद समाधान कसरी गर्न सकिन्छ ? केन्द्रीय कार्यसमितिको निर्णय र स्वामित्वबिना भएको विशेष महाधिवेशनका आधारमा निर्वाचित समितिलाई आयोगले वैधता दिन मिल्छ कि मिल्दैन ? र अब २०७८ सालमा १४ औँ महाधिवेशनबाट निर्वाचित समितिलाई कायमै राखेर अगाडि बढ्न के गर्नुपर्छ भन्ने विषयमा नेताहरूले अधिवक्ताहरूसँग राय समेत लिएका छन्।

अधिवक्ताहरूले महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन आह्वानका लागि माग गर्न सक्ने व्यवस्था भएपनि केन्द्रीय समितिले स्वीकार नगरी महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरेर अगाडि बढ्न नसक्ने बताएका थिए। कांग्रेस केन्द्रीय कार्यसमितिको बुधबार बसेको बैठकले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई ५ वर्षसम्म साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो।

### अन्योलमा गठबन्धन

गगन थापा नेतृत्वमा विशेष महाधिवेशनबाट कांग्रेसको नयाँ कार्यसमिति गठन भइसकेपछि राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि केही दिनअघि नेकपा एमालेसँग कांग्रेसले गरेको चुनावी गठबन्धन अलमलमा परेको देखिन्छ।

थापाको मुख्य एजेण्डा नै एमालेसँग गठबन्धन नगर्ने रहेको थियो। अब करीब ५६ प्रतिशतले उनकै नेतृत्वमा नयाँ कार्यसमिति गठन भएपछि विगतका ती चुनावी गठबन्धन के हुने हो प्रश्न उठेको छ। यदि गगन नेतृत्वका कांग्रेसले गठबन्धनलाई सहयोग गरेनन् भने ती गठबन्धनको गन्तव्य के हुने दुवै नेतृत्वकर्ता सामु संवेदनशील अवस्था उत्पन्न भएको छ।




# ११औं राष्ट्रिय योग दिवस मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा विभिन्न कार्यक्रमको आयोजना गरी ११औं राष्ट्रिय योग दिवस मनाइएको छ ।जनकपुरधाम उपमहानगरपालिका र राजर्षि पतञ्जली योग साधना केन्द्रको संयुक्त आयोजनामा योग शिविर सञ्चालन गरी दिवस मनाइएको हो ।'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' भन्ने मूल नारासहित आयोजित योग शिविर जनकपुरधाम उपमहानगरपालिकाको आयुर्वेद शाखाले व्यवस्थापन गरेको थियो।

शिविरमा सहभागीहरुलाई प्रशिक्षकद्वारा योगाभ्यास गराइएको थियो ।कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, राजर्षि पतञ्जली योग साधना केन्द्रका अध्यक्ष संजीत यादवलगायतको उपस्थिति रहेको थियो ।दिवसको अवसरमा नगरप्रमुख साहले योगले शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने बताउँदै स्वस्थ जीवनशैलीका लागि योगलाई जनस्तरसम्म विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए ।

नेपाल सरकारले प्रत्येक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाउँदै आएको छ । योग दिवसको अवसरमा यस वर्ष पनि धनुषा जिल्लाका विभिन्न स्थानमा योग शिविर तथा जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरिएको छ ।यसअघि योग दिवसको अवसर पारेर राजर्षि पतञ्जली योग साधना केन्द्रले जनकपुरधाममा प्रभातफेरी समेत आयोजना गरेको थियो ।

# निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने तयारी

**टुडे समाचारदाता**

मलंगवा । आसन्न फागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सर्लाहीका चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने तयारी गरिएको छ।

निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न उपयुक्त भवनको खोजी भइरहेको जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख एवं जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलले उज्यालो अभियानसँग बताए । पौडेलका अनुसार क्षेत्र नं. १ को लालबन्दी, क्षेत्र नं. २ को मलङ्गवा, क्षेत्र नं. ३ को हरिवन र क्षेत्र नं. ४ को गोडैतामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने तयारी छ।

क्षेत्र नं. २ को सदरमुकाम मलङ्गवास्थित जिल्ला समन्वय समिति (साबिक जिविस) को भवनमा र क्षेत्र नं. ४ को गोडैतास्थित वेणी भोला नमूना माध्यमिक विद्यालयमा निर्वाचन अधिकृतको कार्यालय रहने पक्का जस्तै छ ।क्षेत्र नं. १ र ३ मा भने भवन चयन गर्न बाँकी रहेको निर्वाचन अधिकारी पौडेलको भनाइ छ। क्षेत्र नं. १ को यसअघि लालबन्दी नगरपालिकाको पुरानो भवनमा निर्वाचन अधिकृतको कार्यालय रहेको थियो।

उक्त भवनमा अहिले वडा नं. ६ र ७ को वडा कार्यालय, भूमि आयोग र न्यायीक समितिको काम हुने गरेको छ। यो भवनमा नगरपालिकाकै विभिन्न कार्यालय सञ्चालनमा



रहेकाले यो पटक वडा नं. ७ स्थित साझा संस्थाको जग्गामा बनेको व्यावसायिक भवनमा वा वडा नं. १० स्थित चन्द्रपुर वडा कार्यालय परिसरमा रहेको भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने हिसाबले छलफल अघि बढाइएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनायो।

साझा संस्था परिसरको भवनमा बत्ती जोड्न बाँकी नै रहेकाले पुरानो नगरपालिका कार्यालयमै पनि कार्यालय स्थापना गर्ने कि भनेर छलफल भइरहेको जिल्ला निर्वाचन कार्यालयले जनायो।

यस्तै क्षेत्र नं. ३ को हरिवनमा कार्यालय राख्ने तयारी गरिए पनि भवन भने चयन गर्न बाँकी नै रहेको जिल्ला निर्वाचन अधिकारी पौडेलको भनाइ छ। उनले क्षेत्र नं. १ र ३ को हकमा तत्कालै प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखले अनुगमन गरेपछि भवनको निधो हुने जानकारी दिए । निर्वाचन अधिकृतको कार्यालय राख्न गतिलो पूर्वाधारसहित मतगणनाका लागि फराकिलो ठाउँ, पार्किङको व्यवस्था र सुरक्षाको हिसाबले पनि उपयुक्त हुनुपर्ने सुरक्षा अधिकारीहरुले बताएका छन्।

सर्लाहीका चारवटै निर्वाचन क्षेत्रमा यसअघि नै निर्वाचन अधिकृत तोकिसकिएको छ। क्षेत्र नं. १ मा सर्वोच्च अदालतका इजलास अधिकृत टीकाबहादुर थापा, क्षेत्र नं. २ मा सर्लाही जिल्ला अदालतका न्यायाधीश पुष्पराज थपलिया, क्षेत्र नं. ३ मा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका उपसचिव नवराज आचार्य र क्षेत्र नं. ४ मा सर्वोच्च अदालतका इजलास अधिकृत विनोदप्रसाद घिमिरे निर्वाचन अधिकृत तोकिएका छन्।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले एक/दुई दिनभित्रै चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय रहने ठाउँ र भवन तय गरिने बताए । निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि आ-आफ्नो क्षेत्रमा त्यहींबाट निर्वाचन तयारीका काम अघि बढाउनेदेखि मतगणनासम्मका काम हुने छन् ।

प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा जिल्लामा तयारीका काम धमाधम अघि बढेका छन् । फागुन २१ गतेको निर्वाचनका लागि सर्लाहीमा ३१२ मतदानस्थल अन्तर्गत ६२८ मतदान केन्द्र तोकिसकिएको छ।

जिल्लामा पाँच लाख ११ हजार ६०६ जना अन्तिम मतदाता कायम भएका छन्। फागुन २१ को निर्वाचनकै लागि सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रहरी कार्यालयमा निर्वाचन प्रहरीको आवेदन लिने कामसमेत धमाधम जारी छ।

सर्लाहीमा तीन हजार ९२६ जना निर्वाचन प्रहरीको कोटा तोकेर आएको र आज माघ १ गतेसम्म आवेदन लिइने जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं डिएसपी सरोज राईले बताए । यस्तै जिल्लामा राजनीतिक दलले पनि निर्वाचन लक्षित गतिविधि अगाडि बढाएका छन् भने उम्मेदवारहरुको विषयमा चर्चा बढ्दै गइरहेको छ।

# नेपाल प्रहरी श्रीमती सङ्घद्वारा न्यानो कपडा तथा कम्बल वितरण



**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाल प्रहरी श्रीमती संघले वारा र पर्साका विभिन्न ठाउमा न्यानो कपडा तथा कम्वल वितरण गरेको छ। कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक (आइजीपी) दानबहादुर कार्की

बारा जिल्लाको महागढीमाई नगरपालिका-१०, गंजभवानीपुरमा न्यानो कपडा वितरण कार्यक्रममा पनि सहभागी भए।

महानिरीक्षक (आइजीपी) कार्की र नेपाल प्रहरी श्रीमती सङ्घकी अध्यक्ष श्रीमती नविना खत्री कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा कम्बल बितरण गरिएको थियो।

जाडो मौसममा आर्थिक रूपमा विपन्न तथा असहाय परिवारहरूलाई राहत प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा स्थानीय विपन्न वर्गका नागरिकहरूलाई न्यानो कपडा वितरण गरिएको हो। कार्यक्रममा बोल्दै आइजीपी कार्कीले समाजका कमजोर र सीमान्तकृत वर्गको जीवन सहज बनाउन यस्ता मानवीय तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू महत्वपूर्ण हुने बताए। उनले नेपाल प्रहरी केवल शान्ति सुरक्षा मात्र नभई सामाजिक सेवामा पनि सक्रिय रूपमा संलग्न रहेको उल्लेख गरे।

नेपाल प्रहरी श्रीमती सङ्घकी अध्यक्ष नविना खत्री कार्कीले जाडोयाममा न्यानो कपडाको अभावमा कठिनाइ भोगिरहेका परिवारहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताइन्। उनले आगामी दिनहरूमा पनि सङ्घले देशका विभिन्न स्थानमा सामाजिक सेवा र राहतका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिन।

सो अवसरमा नेपाल प्रहरीका वरिष्ठ अधिकारीहरू, नेपाल प्रहरी श्रीमती सङ्घका पदाधिकारी तथा स्थानीय जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो। स्थानीयवासीहरूले यस्तो सहयोग कार्यक्रमले आफूहरूलाई ठूलो राहत मिलेको भन्दै आयोजकप्रति आभार व्यक्त गरेका थिए।

# होटल स्काइलाइन इन्फ्राद्वारा एक वर्षमै ७ गुणा आम्दानी

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जमा 'स्काइलाइन मल' र 'सरोवर पोर्टिको' होटल सञ्चालन गरिरहेको स्काइलाइन इन्फ्रा लिमिटेडले उल्लेखनीय व्यावसायिक सुधार देखाएको छ। होटल व्यवसाय पूर्ण रूपमा सञ्चालनमा आएपछि कम्पनीको आम्दानी एक वर्षमै सात गुणाभन्दा बढीले वृद्धि भएको छ।

इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपालले सार्वजनिक गरेको पछिल्लो रिपोर्टअनुसार कम्पनीले सन् २०२५ मा ८ करोड ५० लाख रुपैयाँको कारोबार गरेको छ । अघिल्लो वर्ष सन् २०२४ मा कम्पनीको कुल व्यापार १ करोड २० लाख रुपैयाँ मात्र थियो। सन् २०२४ सम्म मल मात्रै सञ्चालनमा रहेको कम्पनीले सोही वर्ष सेप्टेम्बरको मध्यदेखि होटल व्यवसाय सुरु गरेसँगै आम्दानीमा तीव्र वृद्धि भएको हो ।चालू आर्थिक वर्ष (सन् २०२६) का पहिलो पाँच महिनामै कम्पनीले ३ करोड ९० लाख रुपैयाँ बराबरको आम्दानी गरिसकेको छ, जसले आगामी दिनमा समेत सकारात्मक वित्तीय प्रदर्शनको संकेत गर्छ।

व्यवसाय विस्तारसँगै आम्दानी बढे पनि होटल क्षेत्रमा हुने उच्च सञ्चालन खर्चका कारण नाफा मार्जिनमा भने दबाब देखिएको छ। सन् २०२४ मा ६४.५५ प्रतिशत रहेको सञ्चालन मुनाफा सन् २०२५ मा घटेर ३१.३७ प्रतिशतमा सीमित भएको छ । होटल सञ्चालन खर्च, बैंक ब्याज तथा ह्रासकट्टी (डिप्रिसिएसन) खर्च बढ्दा खुद नाफा २.६८





प्रतिशतमा झरेको छ।

इन्फोमेरिक्सले कम्पनीले उपयोग गरिरहेको १ अर्ब ६ करोड २२ लाख ८० हजार रुपैयाँ बराबरको दीर्घकालीन बैंक कर्जाका लागि 'बी प्लस' रेटिङ प्रदान गरेको छ। परियोजनाको ऋण संरचना, धितो तथा ऋण तिर्न सक्ने क्षमतालाई आधार मानेर यो रेटिङ दिइएको एजेन्सीले जनाएको छ।

हाल होटलको बेड अकुपेन्सी दर करिब ३४ प्रतिशत रहेको छ, जसलाई आगामी दिनमा वृद्धि गर्नुपर्ने चुनौती कम्पनीसामु रहेको छ । स्काइलाइन इन्फ्राको आम्दानीका दुई प्रमुख स्रोत होटल र मल हुन्। सन् २०२५ को कुल आम्दानीमा होटल व्यवसायको हिस्सा करिब ७४ प्रतिशत रहेको छ। वीरगञ्जमा सञ्चालित ६० कोठे 'सरोवर पोर्टिको' होटलले व्यावसायिक सफलता हासिल गर्न थालेपछि कम्पनीको समग्र वित्तीय अवस्था क्रमशः सुदृढ बन्दै गएको छ।

होटलबाहेक, स्काइलाइन मलभित्र रहेका व्यापारिक (कमर्सियल) स्पेसहरूबाट आउने नियमित भाडा आम्दानीले कम्पनीलाई दीर्घकालीन तथा स्थिर क्यास फ्लो सुनिश्चित गरेको छ।

कम्पनीको अर्को सबल पक्ष यसको रणनीतिक अवस्थिति हो। वीरगञ्जको मुख्य क्षेत्रमा अवस्थित यो होटल र मल नेपाल-भारत सीमा नाका रक्सौलबाट मात्र चार किलोमिटरको दूरीमा रहेको छ। यसका कारण भारतीय पर्यटक तथा व्यावसायिक यात्रुहरूको आवागमनले होटल व्यवसायलाई थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

होटलले प्रसिद्ध भारतीय होटल चेन 'सरोवर होटल प्राइभेट लिमिटेड'सँग आबद्ध भई 'सरोवर पोर्टिको' ब्राण्डअन्तर्गत सेवा प्रदान गरिरहेको छ। अन्तर्राष्ट्रिय ब्राण्डसँगको आबद्धताले होटलको बजार उपस्थिति, विश्वसनीयता र प्रतिस्पर्धी क्षमता बढाएको इन्फोमेरिक्सले जनाएको छ।

सन् २०१६ मा निजी कम्पनीका रूपमा दर्ता भएको स्काइलाइन इन्फ्रा लिमिटेड सन् २०२३ मा पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भएको हो। कम्पनीले नौ तले व्यापारिक कम्प्लेक्स 'स्काइलाइन मल' सञ्चालन गरिरहेको छ, जसमा होटल, बैंक्वेट हल, रिटेल आउटलेट, सिनेमा हल, क्यासिनो तथा अफिस स्पेस समावेश छन्। कम्पनीमा प्रतिक अग्रवाल प्रमुख सेयरधनी हुन्, जसको १७ प्रतिशत सेयर स्वामित्व रहेको छ।

# सुत्केरी र शिशुलाई घरदैलोमै स्वास्थ्य सेवा

सिरहा । यहाँको लहान नगरपालिकाले मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिँदै सुत्केरी र नवजात शिशुको घरदैलोमै पुगेर स्वास्थ्य जाँच गर्ने अभियान सुरु गरेको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले बुधबार यहाँका १२ वटा स्वास्थ्य केन्द्रलाई बिपी सेट, स्टेथोस्कोप र मेडिकल झोलालगायत उपकरण हस्तान्तरण गर्दै अभियानको सुरुआत गर्नुभएको हो।



उहाँले नगरपालिकाले २४ वटै वडाका स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्यकर्मीलाई घरघरमै पठाउने व्यवस्था मिलाइएको बताउनुभयो। सुत्केरी भएको ४२ दिनभित्र स्वास्थ्यकर्मीहरूले २४ घण्टा, तीन दिन, सात दिन र ४२ दिनमा गरी चारपटक घरमै पुगेर जाँच गर्ने व्यवस्था गरिएको छ।

विशेषगरी यातायातको पहुँच नभएका र ग्रामीण भेगका महिलालाई लक्षित गरी यो कार्यक्रम ल्याइएको नगरप्रमुख चौधरीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कुनै पनि आमा वा शिशुले उपचार र परामर्शको अभावमा ज्यान गुमाउन नपरोस् भन्ने हाम्रो लक्ष्य हो । विशेषगरी ग्रामीण भेगका आर्थिक रूपमा विपन्न र यातायातको पहुँच नभएका महिलाहरूलाई लक्षित गरेरे कार्यक्रम सुरु गरेका हौं ।"

नगरपालिकाले विगत ४ वर्षदेखि हरेक महिनाको २२ गते २४ वटै वडामा 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज' समेत वितरण गर्दै आएको छ ।स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार स्वास्थ्यकर्मीहरूले केवल स्वास्थ्य जाँच मात्र नगरी सुत्केरी अवस्थामा अपनाउनुपर्ने सावधानी र खानपानबारे पनि परामर्श दिनेछन् ।रासस

# थारु बस्तीमा माघीको उमङ्ग

सिरहा। माघको कठ्याङ्ग्रिँदो जाडोलाई बेवास्ता गर्दै सिरहासहित आसपासका जिल्लाका थारु बस्तीमा माघी पर्वको उल्लास छाएको छ। थारु समुदायले नयाँ वर्षका रूपमा मनाउने यस पर्वका कारण यतिबेला गाउँगाउँमा रमाइलो वातावरण बनेको छ।

माघीको अवसरमा थारु महिलाहरू चामलको पिठोबाट बनाइने परम्परागत परिकार 'ढिक्री', अनदीको जाँड, रोटी र माछाका विभिन्न परिकार बनाउन व्यस्त छन् । गाउँका अगुवाको घरमा जम्मा भएर वर्षभरिको योजना बनाउने र सामूहिक रूपमा पर्व मनाउने तयारी भइरहेको छ।

सिरहाको लहान र धनगढीमाई नगर क्षेत्र, जहाँ थारु समुदायको बाक्लो उपस्थिति छ, त्यहाँ एक हप्ताअघिदेखि नै तयारी सुरु भइसकेको थियो । लहानका वानोगाउँ, गोठटोल, पडरिया र बर्छ्वालगायतका स्थानमा माघी मेलाको रौनक सुरु भइसकेको छ। थारु कल्याणकारिणी सभाका जिल्ला सभापति सत्यनारायण चौधरीका अनुसार माघी केवल खानपिनमा मात्र सीमित छैन । उहाँले भन्नुभयो, "थारु जातिका थरीथरीका परिकारको स्वाद लिनु, आफ्नै मौलिक भेषभूषामा सजिनु र थारु भाषाका गीतमा झुम्नु नै माघीको वास्तविक सुन्दरता हो। यसले हाम्रो भाषा र संस्कृतिलाई पुस्तान्तरण गर्न मद्दत पुऱ्याउँछ।"

त्यस्तै, धनगढीमाईमा 'तेस्रो जिल्लास्तरीय तिला सङ्क्राइत उत्सव-२०८२' को सम्पूर्ण तयारी पूरा भएको छ। नगर संयोजक शम्भू चौधरीले उत्सवमार्फत समुदायको कला र संस्कृति प्रदर्शन गरिने जानकारी दिनुभयो। माघीको अघिल्लो रात आगोको धुनी बालेर ताप्ने र भोलिपल्ट बिहानै (भाले बासेसँगै) पवित्र नदी वा खोलामा गएर स्नान गर्ने परम्परा छ । नुहाएर फर्किएपछि घरका मान्यजनलाई ढोग गर्ने र 'खिचडी' दान गर्ने विशेष चलन छ।

स्थानीय जानकार अनिल चौधरीका अनुसार यो पर्वले सामाजिक एकता र भ्रातृत्वलाई बलियो बनाउँछ । उहाँ भन्नुहुन्छ, "हामी माघीमा नुहाएर आएपछि आफूभन्दा ठूलाको आशीर्वाद लिन्छौं र तिल, चामललगायतका सामग्री दान गर्छौं। यो हाम्रो पुर्खादेखि चल्दै आएको पवित्र संस्कार हो।" वेशभूषा, नाचगान र खानपिनको सङ्गम मानिने माघीले सिरहाका थारु बस्तीलाई अहिले उत्सवमय बनाएको छ ।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज तपाईको आत्मविश्वास बढ्ने दिन हो।

**वृष :** आज धैर्यताको परीक्षा हुन सक्छ। मन शान्त राख्न ध्यान उपयोगी हुन्छ।

**मिथुन :** आज संवादबाट धेरै कुरा समाधान हुनेछ।

**कर्कट :** भावनात्मक पक्ष बलियो रहने दिन हो।

**सिंह :** आज नेतृत्व क्षमता देखिनेछ। काममा प्रशंसा पाउने सम्भावना छ।

**कन्या :** आज सानातिना कुराले तनाव दिन सक्छ।

**तुला :** निर्णय लिन अलि समय लाग्न सक्छ।

**वृश्चिक :** आफ्नो लक्ष्यप्रति एकाग्र रहनुहोस्। भावनामा बगेर निर्णय नगर्नुहोस्।

**धनु :** नयाँ ज्ञान प्राप्त गर्ने अवसर मिल्नेछ। काममा उत्साह बढ्नेछ।

**मकर :** मेहनतको फल ढिलो भए पनि पक्का हुनेछ। आज जिम्मेवारी बढ्ने दिन हो।

**कुम्भ:** काममा फरक तरिकाले सफलता मिल्नेछ।

**मीन :** आज कल्पनाशीलता बढ्ने दिने हो। आफ्नो भावना नियन्त्रणमा राख्नुहोस्।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## माघे सङ्क्रान्ति जस्ता पर्वले मेलमिलापको भावना अभिवृद्धि गर्न मद्दत पुग्ने राष्ट्रपतिको विश्वास



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले माघे सङ्क्रान्ति जस्ता पर्वले सम्पूर्ण नेपालीबीच बन्धुत्व, आपसी मेलमिलाप र सहिष्णुताको भावना अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । माघे सङ्क्रान्ति एवम् माघी पर्व, २०८२ का अवसरमा विहीबार स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्दै उहाँले यस्तो विश्वास व्यक्त गर्नुभएको हो ।

राष्ट्रपति पौडेलले भन्नुभएको छ, “माघे सङ्क्रान्ति जस्ता पर्वले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा जातीय सद्भाव, विविधताको सम्मान र राष्ट्रिय एकता प्रवर्द्धनमा योगदान पुर्‍याउनाका साथै सम्पूर्ण नेपालीबीच बन्धुत्व, आपसी मेलमिलाप र सहिष्णुताको भावना अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु।”

माघे सङ्क्रान्ति वा मकर सङ्क्रान्ति पर्वलाई नेपालका विभिन्न जातजातिले आ-आफ्नै ढङ्गले हर्षोल्लासपूर्वक मनाउने गर्दछन्। विशेष गरी थारू समुदायले माघी पर्वलाई नयाँ वर्षका रूपमा मनाउँछन् । यस्तैघ्यू,चाकु, तरुल, तिलको लड्डु, सेलरोटी, ढिक्री र खिचडीजस्ता परिकारहरू खाई परिवारसँग रमाइलो गर्ने प्रचलन रहिआएको छ।

राष्ट्रपति पौडेलले आजको दिन बराहक्षेत्र, देवघाट, रिडीक्षेत्रलगायत देशका विभिन्न पवित्र नदी एवम् त्रिवेणीहरूमा स्नान गरी मन्दिरमा पूजाअर्चना गर्ने परम्परा रहिआएको पनि उल्लेख गर्नुभएको छ । विशिष्ट मौलिक सांस्कृतिक सम्पदाका रूपमा रहेका यस्ता पर्वहरूले हाम्रो मुलुकलाई विश्वसामु परिचित गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उहाँको भनाइ छ।

शुभकामना सन्देशमा भनिएको छ, “माघे सङ्क्रान्ति एवम् माघी पर्वबाट संस्कृतिको संरक्षण गर्दै सभ्य सुसंस्कृत र समतामूलक समाजको निर्माण गर्न हामी सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।”रासस

# कसैको शिर निहुरिन दिने छैन, कांग्रेसको शान राख्छु: नवनिर्वाचित सभापति थापा

काठमाण्डु। नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापाले आफूलाई जिम्मेवारी सुम्पने नेता तथा कार्यकताको शिर निहुरिने अवस्था आउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । सभापति पदमा निर्वाचित भएपछि विशेष महाधिवशेनस्थलमा आज नेता तथा कार्यकर्ता, शुभेच्छुकलाई सम्बोधन गर्दै उहाँले पार्टी सदस्यलाई कांग्रेस भएकामा गौरव गर्ने पार्टी बनाउने दृढता व्यक्त गर्नुभयो ।

“जुन विश्वासका साथ सभापतिको जिम्मेवारी सुम्पिनुभएको छ, तपाईंहरु कसैको पनि शिर निहुरिने अवस्था आउने दिने छैन । नेपाली कांग्रेस पार्टीको शान राख्छु । यो पार्टीमा लाग्ने तमाम साथीहरुले नेपाली कांग्रेस भएकामा गौरव गर्ने बनाउँछु । नागरिकलाई अप्ठयारो अवस्थामा कांग्रेस छ भन्ने काम पार्टीले गर्नेछ”, नवनिर्वाचित सभापति थापाले भन्नुभयो । उहाँले नेपाली कांग्रेसको विशेष महाधिवेशन कांग्रेसको इतिहासमा मात्रै नभई आधुनिक नेपालको इतिहासमा भुइँ तहका कार्यकर्ताले गरेको सबैभन्दा ठूलो हस्तक्षेप भएको उल्लेख गर्नुभयो। सभापति थापाले भन्नुभयो, “भुइँ तहका कार्यकर्ता भनेको जनताको प्रतिनिधि हो, नागरिक हो । नागरिकले दलभित्र गरेको हस्तक्षेप हो।”

नेपाली कांग्रेस कुनै हालतमा नफुटेको जनाउँदै उहाँले वैधानिक रुपमा विशेष महाधिवेशन गर्दा पार्टी फुट्यो भन्ने प्रश्नै नउठ्ने बताउनुभयो ।त्यसअघि केन्द्रीय निर्वाचन समितिका संयोजक सीताराम केसीले सभापति पदमा थापा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभएको थियो।

कांग्रेस विशेष महाधिवेशनबाट केन्द्रीय कार्यसमिति निर्वाचित भएको घोषणा

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको नाम घोषणा गरिएको छ।

काठमाडौंमा आइतबारदेखि जारी विशेष महाधिवशेनबाट बुधबार पार्टी सभापतिमा गगनकुमार थापा




उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल तथा महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निर्वाचित हुनुभएको केन्द्रीय निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीले जानकारी दिनुभयो ।

पार्टीको सहमहामन्त्री डा डिला सङ्ग्रौला पन्त (महिला), प्रकाश रसाइली स्नेही (दलित), बहादुर सिहं लामा (आदिवासी जनजाति), उदयशम्शेर राणा (खसआर्य), मुक्ताकुमारी यादव (मधेसी), फर्मुल्ला मन्सुर (मुस्लिम), योगेन्द्र चौधरी (थारु) र कर्णबहादुर बुढा (पिछडिएको क्षेत्र) निर्वाचित हुनुभएको छ ।

यस्तै, खुला ३५ केन्द्रीय सदस्यतर्फ गोपालमान श्रेष्ठ, ओमकारप्रसाद श्रेष्ठ, अर्जुननरसिंह केसी, राजेन्द्रकुमार केसी, अर्जुनप्रसाद जोशी, सुरेशकुमार योङ्या, चिनकाजी श्रेष्ठ, सुधिर सिवाकोटी, भरत शाह, मधु आचार्य, अमृत अर्याल, ध्रुव वाग्ले, देवराज चालिसे, विनोद चौधरी, मोहन आचार्य, उज्ज्वल बराल, जनक गिरी र देवप्रसाद तिमिल्सिना निर्वाचित हुनुभएको छ ।

यस्तै, जयबाबु सिवाकोटी र प्रेमबहादुर खड्का, जयराम लामिछाने, वसन्त भट्टराई, प्रदीप शर्मा, जगत जोशी, प्रमोदहरि गुरागाईं, डा केदारनरसिंह केसी, विदुर बस्नेत, तीर्थजङ्ग शाही, भरत खड्का, सुवास पोखरेल, शम्भु बुढाथोकी, धर्मराज गौतम, टेकराज पौडेल, तिलक रानाभाट र राजेन्द्र गोपाल सिंह खुला केन्द्रीय सदस्य निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ ।

महिला खुल्ला नौ सदस्यीय केन्द्रीय सदस्यमा चम्पादेवी खड्का, धना खतिवडा, नानु बास्तोला, चिनु पोखरेल, जानकी सिंह, प्रतिमा गौतम, गीता सत्याल, सन्तोषी साउँद ऐर र दिलकुमारी राई निर्वाचित हुनुभएको छ। केन्द्रीय सदस्य कोशी प्रदेशतर्फ शारदादेवी कोइराला, हिमालय कर्माचार्य र अग्नि पौडेल, मधेसतर्फ मधु शाही, रामानन्द यादव र बजरङ्ग नेपाली, बागमतीतर्फ उमा दाहाल, जितनारायण श्रेष्ठ र रमेश धमला निर्विरोध चयन हुनुभएको छ। गण्डकीतर्फ विष्णुदेवी पाण्डे, रेशम बानियाँ र कृष्ण केसी, लुम्बिनीतर्फ पवित्राकुमारी अर्याल, केशव आचार्य र रामबहादुर कार्की, कर्णालीतर्फ रमादेवी खड्का, दिक्पाल शाही र नारायण भट्टराई तथा सुदूरपश्चिमतर्फ निपा चोख्याल, हिमबहादुर रावल र नरेन्द्रप्रसाद भट्ट निर्वाचित हुनुभएको छ।

केन्द्रीय सदस्य (अपाङ्गता)तर्फ प्रकाश पन्त, (अल्पसङ्ख्यक)तर्फ शिवनारायण सिं गनगाई, केन्द्रीय सदस्य दलिततर्फ मैकुलाल बाल्मिकी, शिवबहादुर सुनार, धर्म नेपाली दर्जी, सूर्य विक र दिनेश सुनार निर्वाचित हुनुभएको छ।

केन्द्रीय सदस्य आदिवासी जनजाति (महिला) तर्फ सपना राजभण्डारी, प्रमिला राई, मनकुमारी गुरुङ, कुशुमदेवी थापा मगर, लीलादेवी बोखिम लिम्बू, डा अमिता प्रधान र छोन्दुल्होम शेर्पा, आदिवासी जनजाति खुलातर्फ तारामान गुरुङ, अष्टकुमार कवे, छन्दबहादुर पहराइ मगर, नगेन्द्र कुमाल, शम्भुलाल श्रेष्ठ, भीम श्रीष, नरेन्द्र केरुङ र दिपेन श्रेष्ठ चयन हुनुभएको छ।

केन्द्रीय सदस्य (खसआर्य महिलातर्फ) उमा सिवाकोटी, बाला अधिकारी, मुना भुसाल, इन्दिरा कार्की, विनिता खड्का र सम्झना खत्री, खसआर्य खुलातर्फ विजय स्वार, मथुरा घिमिरे, जगदीशचन्द्र उपाध्याय, विष्णुकुमार कार्की, विश्वनाथ रिजाल, केशव भेटुवाल र कमल भुसाल निर्वाचित हुनुभएको छ।

केन्द्रीय सदस्य (मधेसी महिलातर्फ) अञ्जु झा, चन्द्रकलाकुमारी यादव, गोमा अन्सारी र र निलम साह, (मधेसी खुला)मा रामपल्टन शाह, नागेन्द्र शाह, राधेश्याम पाठक, सनिलकुमार यादव र रामरुप प्रसाद निर्विरोध हुनुभएको छ। केन्द्रीय सदस्य (मुस्लिम महिला) पदमा सनम वेगम, मुस्लिम खुल्ला पदमा अब्दुल रज्जाक गद्दी र अब्दुल सत्तार, थारू महिलामा नवोदिता चौधरी र सुनिता राना, थारू खुल्लातर्फ सुरेन्द्रप्रसाद चौधरी र गोपाल दहित तथा पिछडिएको क्षेत्रतर्फ खुल्ला केन्द्रीय सदस्यमा दीपकजङ्ग शाह निर्वाचित हुनुभएको छ।रासस

### निर्वाचन आउन ४९ दिन बाँकी

## निर्वाचन सुरक्षामा केन्द्रित प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न

काठमाण्डु । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सुरक्षा रणनीतिबारे छलफल गर्दै प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएका छन् ।

लुम्बिनी प्रदेशको रुपन्देहीबाट गत मङ्सिर ९ गतेदेखि सुरु भएको प्रदेशस्तरीय सुरक्षा गोष्ठी मङ्गलबार मधेस प्रदेशको जनकपुरमा पुगेर सम्पन्न भएको हो । सङ्घीय सरकारअन्तर्गतको गृह मन्त्रालय र प्रदेश सरकारको संयुक्त आयोजनामा हरेक वर्ष प्रदेशस्तरीय सुरक्षा गोष्ठी हुँदै आएको छ। यस वर्षको प्रदेश सुरक्षा गोष्ठीमा आन्तरिक सुरक्षाका साथै निर्वाचन लक्षित सुरक्षाबारे बढी केन्द्रित भएको जनाइएको छ।

मङ्गलबार जनकपुरधाममा आयोजित मधेस प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारले तोकिएको मितिमै प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गराउने बताउनुभयो । उहाँले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन चारवटै सुरक्षा निकायलाई निर्देशन दिनुभएको गृहमन्त्रीको




सचिवालयले जनाएको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारले एकीकृत सुरक्षा योजना-२०८२ कार्यान्वयमा ल्याएको छ। यस्तै, निर्वाचन प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी कार्यविधि, २०८२ स्वीकृति भई कार्यान्वयनको चरणमा रहेको छ।

सोहीअनुसार नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी छनोटको प्रक्रिया अघि बढेको छ । यसपटकको निर्वाचनमा ८८ हजार नेपाली सेना, ७७ हजार नेपाल प्रहरी र ३४ हजारको हाराहारीमा सशस्त्र प्रहरी खटिँदैछन् ।

नेपाल प्रहरीले दुई हजार ८४५ वटा मतदानस्थललाई सामान्य, चार हजार ४४२ वटा मतदानस्थललाई संवेदनशील र तीन हजार ६८० मतदानस्थललाई अति संवेदशनील मतदानस्थलका रूपमा वर्गीकरण गरी सोही अनुसारको सुरक्षा प्रबन्ध गरिएको जनाएको छ।रासस




## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

### मधेश प्रदेश, जनकपुरधाम, धनुषा

## करार सेवामा जनशक्ति छनौट सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०२**

**सूचना नं. ०३/०८२/०८३**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रिक्त रहेको पदमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यक भएकोले तपसिल बमोजिमको पदमा करार सेवामा जनशक्ति भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव, नागरिकताको प्रमाणपत्र सहित यस प्रतिष्ठानको कार्यालयमा रित पूर्वकको दरखास्त यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**


| क्र.सं | विज्ञापन नं. | विभाग | पद | मांग पद | आवश्यक न्यून्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | १६/०८२/०८३ | Anatomy | Professor/Associate Professor/Assistant Professor/Lecturer | केहि | सम्बन्धित विषयमा स्नातकोत्तर गरि NMC मा दर्ता भएको साथै पदको हकमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको विनियमावली तथा आवश्यकता बमोजिम पदमा नियुक्ति गरिनेछ। |
| २ | १७/०८२/०८३ | Physiology | | | |
| ३ | १८/०८२/०८३ | Biochemistry | | | |
| ४ | १९/०८२/०८३ | Pathology | | | |
| ५ | २०/०८२/०८३ | Microbiology | | | |
| ६ | २१/०८२/०८३ | Community Medicine | | | |
| ७ | २२/०८२/०८३ | Forensic Medicine | | | |
| ८ | २३/०८२/०८३ | Nursing (Community Nursing) | Professor/Associate Professor/Assistant Professor/Lecturer | | सम्बन्धित विषयमा स्नातकोत्तर गरि ल्ल्क मा दर्ता भएको साथै पदको हकमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको विनियमावली तथा आवश्यकता बमोजिम पदमा नियुक्ति गरिनेछ। |
| ९ | २४/०८२/०८३ | Nursing (Psychiatric Nursing) | | | |

| क्र.सं | विज्ञापन नं. | पद | तह | मांग पद | आवश्यक न्यून्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १० | २५/०८२/०८३ | Consultant Surgeon (CTVS) | नवौ/दशौं | १ | MS/MCH-CTVS उत्तिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ११ | २६/०८२/०८३ | Consultant Surgeon (Uro Surgery) | नवौ/दशौं | १ | MS/MCH-Uro Surgery उत्तिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| १२ | २७/०८२/०८३ | Biomedical Technician | पाँचौ | १ | 10+2 उत्तिर्ण गरि Biomedical Equipment तालिम गरेको वा BMET गरेको। |

**पदपूर्ति सम्बन्धी अन्य शर्तहरू :**

१. **दरखास्त दिने अवधि** : २०८२।१०।०२ देखि २०८२।१०।१६ गते सम्म। सार्वजनिक विदा भएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा दरखास्त दिन सक्नेछ।
२. सम्पर्क मिति पछि प्रकाशित गरिनेछ।
३. **उमेरको हद** : विज्ञापन नं. १६/०८२/०८३ देखि २४/०८२/०८३ सम्मको हकमा Professor/Associate Professor को लागि ७० वर्ष ननाघेको र विज्ञापन नं. १६/०८२/०८३ देखि २२/०८२/०८३ सम्मको हकमा Assistant Professor/Lecturer को लागि ६५ वर्ष ननाघेको र विज्ञापन नं. २३/०८२/०८३, २४/०८२/०८३ को हकमा Assistant Professor/Lecturer को लागि ४५ वर्ष ननाघेको हुनु पर्नेछ तथा विज्ञापन नं. २५/०८२/०८३ देखि २७/०८२/०८३ सम्म को हकमा ४५ वर्ष ननाघेको हुनपर्नेछ।
४. **परीक्षा दस्तुर** : Professor/Associate Professor को लागि रु. १५००।-, Assistant Professor/Lecturer को लागि रु. १२००।-, नवौं/दशौं तहको लागि रु. १०००।- र पाँचौ तहको रु. ६००।-
५. **परीक्षा दस्तुर** : लक्ष्मी सनराईज बैंक लिमिटेड, भानु चौक, जनकपुरधाम स्थित यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता नं. १६८१६९९५३६०१११०१ मा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
६. **परीक्षाको किसिम** : विज्ञापन नं. १६/०८२/०८३ देखि २६/०८२/०८३ सम्मको अर्न्तवार्ता बाट तथा विज्ञापन नं. २७/०८२/०८३, को लिखित र अर्न्तवार्ता माध्यम बाट छनौट गरिनेछ।
७. **परीक्षाको समय** : सम्पर्क मितिमा तोकिनेछ।
८. दरखास्त फारम यस प्रतिष्ठानको website: www.mihs.edu.np बाट डाउनलोड गरि रित पूर्वक भरि यस प्रतिष्ठानको कार्यालय, जनकपुरधाम-१४, मुजेलिया (मनिपाल) मा पेश गर्नु पर्नेछ।
९. यस विज्ञापनको पदपूर्ति सम्बन्धि अन्तिम अधिकार प्रतिष्ठानमा निहित रहनेछ।

**रजिष्ट्रारको कार्यालय**
**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# नेपालमा राजनैतिक समावेशिता: नीति बलियो, अभ्यास कमजोर

प्रत्युश कुमार झा


राजनैतिक समावेशिता भनेको राज्यको शक्ति र निर्णय प्रक्रियामा सबै समुदायको वास्तविक सहभागिता हुनु हो । राजनीतिमा समावेशिता भन्नाले संसद, सरकार, राजनीतिक दल, प्रशासन र नीति निर्माणमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्ति, पिछडिएको क्षेत्रका नागरिक सबैको उपस्थिति हुनु हो। केवल नामका लागि होइन, निर्णय गर्न सक्ने हैसियतसहितको उपस्थिति हुनु नै राजनैतिक समावेशिता हो। नेपालमा दशकौ सम्म सत्ता केही सीमित जात, लिङ्ग र क्षेत्रका मानिसहरूको हातमा सीमित थियो, जसले धेरै समुदायहरुलाई राजनीति र शासनबाट बाहिर राख्यो। नेपालको संविधान २०७२ घोषणा पछि, राजनीतिक समावेशिता राज्यको आधारभूत चरित्र बनाइयो, जसले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्ति र पिछडिएको क्षेत्रका नागरिकलाई प्रतिनिधित्वको अधिकार सुनिश्चित गरेको छ। यसले न केवल ऐतिहासिक असन्तुलनलाई सच्याउने प्रयास गरेको छ, तर लोकतन्त्रलाई थप सबल र समावेशी बनाउने दिशामा महत्वपूर्ण कदम पनि हो।

नेपालमा राजनैतिक समावेशिता सुनिश्चित गर्ने आधार नेपालको संविधान २०७२ हो। संविधानले सबै नागरिकलाई जात, लिङ्ग, भाषा, क्षेत्र, धर्म वा अपांगता हेरेर भेदभावबिना समान अवसरको हक दिन्छ। नेपालको संविधान को भाग ३ मूलभूत अधिकार अन्तर्गत धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको विशेष अधिकार र धारा ४२ ले सामाजिक न्यायको हक अन्तर्गत दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्ति र पिछडिएको क्षेत्रका नागरिकलाई राजनीतिक सहभागिता सुनिश्चित गरेको छ। साथै, नेपालको संविधानको भाग ४ निर्देशक सिद्धान्तहरू अन्तर्गत राज्यलाई समावेशीताको लक्ष्य प्राप्त गर्न नीतिगत मार्गनिर्देशन दिन्छ, जसले प्रतिनिधित्व, सन्तुलन र सामाजिक न्यायलाई प्राथमिकता दिन्छ।नीतिगत संरचनामा विभिन्न ऐन र कानुन पनि महत्वपूर्ण छन्। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १५(३)ले विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरु मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६ ( १ ग) ले दलको सदस्यता प्राप्त गर्न नेपालका नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गको आधारमा बन्देज लगाइएको, बञ्चित गरेको वा विभेद गरेको देखिएमा उक्त दल दर्ता नहुने व्यवस्था गरेको छ। निर्वाचन ऐन, २०७३ को दफा ४२ ले निर्वाचन आयोगले निर्वाचन सम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्नु पर्ने व्यवस्था गरेको छ। प्रतिनिधि सभा निर्वाचन ऐन को दफा २८(३) ले समानुपातिक निर्वाचन प्रणाली अंतर्गत दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसै ऐनको दफा २८(५) ले दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसैऐनको दफा ६०(४) ले निर्वाचन आयोगले प्रत्येक दलको तर्फबाट सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने कूल सदस्य सङ्ख्याको तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्या समेत यकिन गरी सम्बन्धित दललाई जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ। त्यसै ऐनको दफा ६०(६) ले राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवार छनोट गर्दा दलित, आदिवासी जनजाति, खस आर्य,मधेशी, थारु तथा मुस्लिमको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्नु पर्नेछ त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था छ। नेपालको संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्ने व्यवस्था गरेको छ।

यसरी संविधान, मूलभूत अधिकार, निर्देशक सिद्धान्त र सम्बन्धित ऐनहरूको समन्वयले नेपालको राजनीतिक संरचनामा समावेशीताको दिगो र व्यवस्थित आधार तयार पारेको छ, जसले ऐतिहासिक असन्तुलन सच्याउने प्रयास गरेको छ र लोकतन्त्रलाई सबैका लागि सशक्त बनाउने दिशामा मार्गदर्शन गर्छ।

नेपालमा राजनैतिक समावेशिताको कानुनी संरचना दृढ भए पनि यसको वास्तविक कार्यान्वयन अझै चुनौतीपूर्ण छ। संसद, सरकार, राजनीतिक दल, प्रशासन र स्थानीय तहमा महिला, दलित, आदिवासी, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्ति र पिछडिएका क्षेत्रका नागरिकको उपस्थिति बढेको छ। तर धेरैजसो यो "कोटा पूरा गर्ने मात्र" प्रवृत्तिमा सीमित छ, जहाँ प्रतिनिधित्व नाममात्र मात्र रहन्छ र निर्णय प्रक्रियामा प्रभाव वास्तविक रूपमा कम हुन्छ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत दलहरूले महिला र विविध समुदायका उम्मेदवार सूचीमा राख्छन्, तर प्रायः पार्टी नेतृत्वका विश्वासपात्र र नजिकका व्यक्ति नै पदाधिकारी बन्ने चलन देखिन्छ। यसले समुदायको वास्तविक आवाजलाई निर्णयको स्तरसम्म पुर्याउन कठिनाइ उत्पन्न गर्छ।




संसदीय र केन्द्रीय तहमा धेरै संरचनागत अवरोध र सशक्त समूहको दबाबले प्रभावकारी समावेशितामा चुनौती उत्पन्न गर्छ। महिला सहभागिताको दृष्टान्त हेर्ने हो भने, संविधान र निर्वाचन ऐनले न्यूनतम ३३% महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ। तर व्यवहारमा निर्णायक तथा महत्वपुर्ण पदमा महिलाको उपस्थिति अझै सीमित छ। दलित, आदिवासी र मधेसी समुदायको प्रतिनिधित्व पनि बढेको छ, तर वास्तविक निर्णय शक्ति अझै प्रभावशाली समूहसँग रहेको छ। स्थानिय तहमा एउटा राजनितिक दलले प्रमुख तथा उपप्रमुख को उम्मेद्वारी दर्ता गर्दा फरक लिङ को व्यक्ति हुनुपर्ने व्यवस्था हुँदा हुँदै पनि महिलाको प्रतिनिधित्व छल्न राजनितिक दलहरुले गठबन्धन गर्ने प्रवृति फस्टयाएको छ।

हालको अवस्थालाई हेर्दा, कानुन र नीतिले अवसर दिए पनि त्यसको प्रभावकारी उपयोग र वास्तविक शक्ति हस्तान्तरण अझै हुन नसकेको स्थिती छ। समावेशिता तब मात्र साँचो अर्थमा पूर्ण हुन्छ जब सबै समुदायका प्रतिनिधिहरू सिटको लागि मात्र नभई, निर्णय प्रक्रियामा सक्रिय, प्रभावकारी र स्वतन्त्र भूमिका निर्वाह गर्ने अवस्थामा पुग्छन्।

नेपालमा राजनैतिक समावेशिताका लागि संविधान, ऐन र नीतिहरू पर्याप्त देखिए पनि यसको प्रभावकारी कार्यान्वयनमा अनेकौं चुनौतीहरू विद्यमान छन्। पहिलो र सबैभन्दा गम्भीर चुनौती भनेको राजनीतिक दलको आन्तरिक संरचना र राजनितिक संस्कार हो। अधिकांश राजनीतिक दलहरू अझै पनि सीमित व्यक्ति, परिवार वा समूहको नियन्त्रणमा छन्, जसले समावेशितालाई अधिकारभन्दा पनि कृपाजस्तै व्यवहार गर्ने प्रवृत्ति रहेको देखिन्छ। यसले समावेशी प्रतिनिधित्वलाई सशक्त नभई निर्भर बनाइदिएको छ।

दोस्रो चुनौती समावेशिताको औपचारिकीकरण हो। कानुनले तोकेको कोटा पूरा गर्न प्रतिनिधित्व दिइए पनि ती प्रतिनिधिहरूलाई निर्णय प्रक्रियाबाट टाढा राख्ने अभ्यास व्यापक छ। परिणामस्वरूप, समुदायको वास्तविक समस्या न नीति निर्माणमा प्रतिबिम्बित हुन्छ, न कार्यान्वयनमा प्राथमिकता पाउँछ। समावेशिता संख्या मात्र बन्न पुगेको छ, शक्ति होइन।

तेस्रो, सामाजिक र सांस्कृतिक संरचना पनि ठूलो अवरोधका रूपमा देखिन्छ। पितृसत्तात्मक सोच, जातीय विभेद र क्षेत्रीय पूर्वाग्रहले महिला, दलित, आदिवासी र मधेसी समुदायका प्रतिनिधिहरूको राजनीतिक आत्मविश्वास र स्वतन्त्र भूमिकालाई कमजोर बनाउँछ। कानुनी अधिकार भए पनि सामाजिक स्वीकार्यता अझै अपूर्ण रहेको स्थिती छ।

चौथो चुनौती राज्य संयन्त्रभित्रको कार्यान्वयन क्षमताको कमजोरी हो। निर्वाचन आयोग, प्रशासन र अन्य निकायहरूमा समावेशी नीति कार्यान्वयनमा एकरूपता र कडाइको अभाव देखिन्छ। अनुगमन कमजोर हुँदा कानुन उल्लङ्घन गर्ने प्रवृत्ति मौलाउँछ।

यसरी हेर्दा, नेपालमा राजनैतिक समावेशिता केवल कानुनी चुनौती होइन, संरचनागत, सांस्कृतिक र संस्थागत चुनौतीहरूको जटिल संयोजन का रुपमा रहेको अवस्था छ। यी चुनौतीहरूको सम्बोधन नगरी समावेशिता केवल कागजी प्रतिबद्धतामा सीमित हुने खतरा कायमै रहन्छ।

नेपालमा राजनैतिक समावेशितालाई प्रभावकारी बनाउन कानुनी व्यवस्था मात्र पर्याप्त छैन, त्यसको इमानदार कार्यान्वयन अनिवार्य छ। सबैभन्दा पहिले राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र सुदृढ गरिनुपर्छ ताकि समावेशिता कृपाभन्दा अधिकारका रूपमा स्थापित होस्। उम्मेदवार छनोट र नेतृत्व विकासमा पारदर्शिता आवश्यक छ।

समावेशीतालाई संख्यामा सीमित नगरी शक्ति र निर्णय प्रक्रियासँग जोड्नुपर्छ। समानुपातिक प्रतिनिधिलाई नीति निर्माण र सरकार सञ्चालनमा अर्थपूर्ण भूमिका दिनु आवश्यक छ।निर्वाचन आयोग तथा समावेशीतासम्बन्धी संवैधानिक निकायलाई प्रभावकारी अनुगमन र दण्ड दिने अधिकार सहित सशक्त बनाउनुपर्छ। साथै शिक्षा र राजनीतिक प्रशिक्षणमार्फत सामाजिक सोच परिवर्तन गर्न दीर्घकालीन पहल जरुरी छ।


यसरी,स्थानीय तहबाट समावेशी नेतृत्व विकास गर्दै राजनीतिक संस्कार परिवर्तन गरिएमा मात्र समावेशिता व्यवहारमा सार्थक बन्न सक्छ।

## सम्पादकीय

# नेपाली कांग्रेसको विभाजन

नेपाली कांग्रेस औपचारिक रुपमा विभाजन भएको छ । दोस्रो विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा कांग्रेसको नयाँ कार्यसमिति घोषणा भएको छ । महामन्त्री रहेका थापा सभापति र अर्का महामन्त्री विश्वप्रकाश शर्मा उपसभापति चयन भएका छन् । विशेष महाधिवेशनमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको सहभागिता रहेको दावी थापा पक्षले गरेको छ । तर केन्द्रीय समितिको बैठकबाट संस्थापन पक्षले महामन्त्रीद्वय थापा र शर्मा, सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई ५ वर्षका लागि पार्टीको साधारण सदस्य समेतबाट निष्कासन गरेको छ। देशमा प्रतिनिधि सभा चुनावको प्रकृयाहरु धेरै अगाडि बढि सकेको र माघ ६ गते प्रत्यक्ष तर्फका उम्मेदवारहरुको मनोनयन पत्र दाखिलाको कार्यक्रम राखिएको छ । समानुपातिक तर्फका उम्मेदवारहरुको मनोनयन फिर्ता लिने कार्यक्रम पुस २८ गते सम्पन्न भइसकेको छ । फागुन २१ गते मतदान हुने कार्यक्रम रहेको छ। चुनावको अब ४९ दिन मात्र बाँकी छ। विभाजित भएको नेपाली कांग्रेसले समानुपातिक तर्फको उम्मेदवारहरुको सुची दर्ता गरिसकेको छ। प्रत्यक्ष तर्फको उम्मेदवारहरुको छनौट प्रकृयामा लागेको कांग्रेस पुस ३० गते मध्यराति औपचारिक रुपमा विभाजन भएको छ। पार्टी आधिकारिकताका लागि दुवै पक्ष निर्वाचन आयोगमा पत्राचार गरेको छ। आधिकारिकताको विवाद टुंग्याउन निर्वाचन आयोगले गर्ने निर्णयको प्रतीक्षा भइरहेको छ । कुनै एउटा पक्षले मात्र आधिकारिकता पाउने भएकाले अर्को पक्षलाई चुनावमा सहभागी हुन फरक चुनाव चिन्ह आयोगले उपलब्ध गराउने छ। एउटा पक्षले पार्टीको नाम समेत परिवर्तन गर्नुपर्नेछ। निर्वाचन आयोगले कांग्रेसको अर्को पक्षलाई चुनावमा सहभागी गराउन थप समय दिने अथवा प्रत्यक्ष तर्फ मात्र भाग लिन पाउने निर्णय लिने त्यो हेर्न बाँकी छ । दुवै पक्षले आधिकारिक भएको तर्कहरु दिइरहेका छन् । कांग्रेस विभाजनले चुनावको कार्यतालिका समेत प्रभावित हुने कतिपयको तर्क छ। तर समयमै चुनाव गराउन प्रतिबद्ध आयोगले कांग्रेसको आधिकारिताको विवादलाई पछि धकेल्न सक्छ । कांग्रेसको विभाजनले चुनावमा मात्र नभई देशकै समग्र राजनीतिमा गंभीर प्रभाव पर्ने देखिएकोछ। नेपालको सबै भन्दा पुराना (आठ दशक) लोकतान्त्रिक पार्टी कांग्रेस विभाजन भएपछि लोकतान्त्रिक पद्धति नै कमजोर हुने तर्कपनि गर्न थालिएको छ। विभाजित कांग्रेसले चुनावमा अपेक्षित परिणाम ल्याउने संभावना छैन् । कांग्रेसका अधिकांश पुराना नेताहरुको भविष्य चुनावपछि अनिश्चित हुनेछ । विभाजनको प्रभाव प्रदेश सरकारमा समेत पर्ने निश्चित छ । मुलुकको समग्र राजनीतिमा कांग्रेस विभाजनको प्रभाव पर्नेछ। कांग्रेसको आधिकारिकता पाउने पक्षलेपनि चुनावमा ठुलो उपलब्धि हासिल गर्ने सम्भावना छैन। कांग्रेसमा पुराना पुस्ताले नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरेर अगाडि बढेको भए चुनावमा सम्मानजनक अवस्था रहन सक्थ्यो। तर अब त्यसको सम्भावना पनि समाप्त भईसकेको देखिन्छ।

# नेपाली कांग्रेस : नेतृत्वको दूरदर्शिता र देउवाको हठबीच अल्झिएको इतिहास



जयप्रकाश आनन्द

नेपाली राजनीतिको इतिहासमा नेपाली कांग्रेस केवल एउटा पार्टी मात्र होइन, लोकतन्त्रको चेतनालाई बोक्ने एउटा ऐतिहासिक संस्था हो। राणा शासनविरुद्धको संघर्षदेखि लिएर पञ्चायती निरंकुशताका विरुद्ध जनताको आवाज बन्ने यात्रासम्म, आधुनिक नेपालको हरेक निर्णायक राजनीतिक मोडमा कांग्रेसको भूमिका अग्रणी रहँदै आएको छ। यही कारणले कांग्रेसको आन्तरिक संकट केवल संगठनात्मक समस्या होइन, यो राष्ट्रिय लोकतान्त्रिक यात्रासँग प्रत्यक्ष गाँसिएको विषय हो। आज कांग्रेसभित्र देखिएको गम्भीर संकट भनेको विचार वा सिद्धान्तको अभाव होइन, नेतृत्वको संकट, अझ स्पष्ट शब्दमा भन्नुपर्दा–पुस्तान्तरणको अवरुद्ध प्रक्रिया हो। यस संकटको केन्द्रमा छन्, पार्टी सभापति शेरबहादुर देउवा।

**देउवाको उदय : दूरदर्शी नेतृत्वको उपज, निर्विकल्प प्रतिभाको होइन**

शेरबहादुर देउवाको उदय नेपाली कांग्रेसको इतिहासमा एक रोचक, तर गम्भीर विश्लेषण माग्ने अध्याय हो। उनी बीपी कोइरालाको राजनीतिक दृष्टिमा स्वीकृत पात्र थिए। त्यस समय सुदूर पश्चिम कांग्रेसका लागि जनाधार भएको तर नेतृत्वको दृष्टिले कमजोर क्षेत्र थियो। यस क्षेत्रका केही प्रभावशाली नेताहरू–जस्तै शिवराज पन्त–पञ्चायती व्यवस्थातिर मोडिएका थिए, लोकेन्द्रबहादुर शाह जस्ता नेता वृद्धावस्थाका कारण सक्रिय राजनीतिबाट टाढिँदै गएका थिए, र एनडी प्रकाश चटौत जस्ता प्रतिभाशाली नेताको अकालमै निधन भइसकेको थियो।

यही रिक्ततामा, जेलजीवन बिताइरहेका कृष्णप्रसाद भट्टराईले देउवालाई पहिचान गरे। भारत प्रवासमा रहेका बीपी कोइराला र सुवर्ण शम्सेरको स्वीकृति पनि उनलाई प्राप्त भयो। देउवा विद्यार्थी नेता थिए, तर उनीमा त्यतिबेला कुनै विलक्षण राजनीतिक प्रतिभा देखिएको थिएन। उनी निर्विकल्प थिएनन्, उनी प्रतिस्पर्धारहित थिएनन्।

त्यसबेला विद्यार्थी राजनीतिमा र पार्टीभित्र बलियो पहिचान बनाइसकेका बिपीन कोइराला, अर्जुननर सिंह केसी, शिवबहादुर खड्का, मच्छेन्द्र पाठक, देवेन्द्रलाल नेपाली, रामचन्द्र पौडेल, रामशरण महत, टीका पोखरेल जस्ता नेता थिए। त्यसमाथि, दमननाथ ढुंगाना, हरिबोल भट्टराई, शंकर घिमिरे, प्रदीप गिरी, शैलजा आचार्य जस्ता दिग्गजहरू जेल वा प्रवासमा थिए।

यति धेरै विकल्प हुँदाहुँदै पनि देउवाको चयन हुनुको कारण थियो–दूरदर्शी सोच। "साधारण नेता आफ्नो पुस्ताका लागि सोच्छ, राजनेता भावी पुस्ताका लागि।" देउवा त्यही भावी पुस्ताको सम्भावनाका रूपमा अगाडि सारिएका थिए।

**नेतृत्वको उद्देश्य र देउवाको रूपान्तरण**



नेतृत्व कुनै एउटा व्यक्तिको स्थायी सम्पत्ति होइन; यो मिशन हो–संघर्षलाई अगाडि बढाउने, संगठनलाई सुदृढ गर्ने र नयाँ पुस्तालाई तयार पार्ने। यही भावनाले बीपी कोइरालाले जनमत संग्रहको अभियानमा भनेका थिए–"शेरे, सुदूर पश्चिमाञ्चल शेरबहादुर देउवा।" त्यो सम्बोधन व्यक्तिगत प्रशंसा थिएन, क्षेत्रीय नेतृत्व विकासको राजनीतिक संकेत थियो।

त्यसबेला कांग्रेसमा गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, परशुनारायण चौधरी, राधाकृष्ण थारू, सिके प्रसाई, जगन्नाथ आचार्य, बेनीबहादुर कार्की, वासुदेव रिसाल, शेख इद्रिस, मार्शल जुलुम शाक्य जस्ता अनगिन्ती नेता थिए। त्यसै पनि देउवाको उदय सम्भव भयो, किनकि कांग्रेसले नयाँ नेतृत्व जन्माउने साहस राख्थ्यो।

तर विडम्बना यहीँबाट सुरु हुन्छ। जुन सुदूर पश्चिमका लागि देउवालाई अगाडि सारियो,त्यहीसुदूरपश्चिमका कयौँ प्रतिभावान नेता देउवाकै कोपभाजन बने। तारिणीदत्त चटौत, विनयध्वज चन्द, सुरेन्द्र बहादुर चन्द, सुनिल भण्डारी, रामजनम चौधरी, पुष्कर ओझा, ज्ञानराज पाठक, हिरादत्त भट्ट, कृष्ण मल्ल, केशवसिंह बुढा, मानबहादुर रावल, जनकराज गिरी, रामबहादुर बिष्ट, बलबहादुर कुँवर, जगदिश पाल, डा. सुरेश मल्ल–यी सबै नामहरू केवल व्यक्तिहरू होइनन्, दबाइएका सम्भावनाहरू हुन्।

संसदीय दलदेखि प्रधानमन्त्रीसम्म : बनाइएका नेता

वि.सं. ०५१ पछि देउवा संसदीय दलका नेता निर्वाचित होइन, बनाइएका थिए। त्यसबेला संख्यात्मक आधारमा खुमबहादुर खड्का सबल दाबेदार थिए। दलको सर्वसम्मत अपेक्षा भने शैलजा आचार्यको थियो। तर अन्ततः गिरिजाप्रसाद कोइरालाको दबाबले निर्णय मोडियो। यही क्षणबाट देउवाको प्रधानमन्त्री यात्रा सुरु भयो–र यहींबाट कांग्रेसको दीर्घकालीन संकटको बीउ रोपियो।

**देउवाको नेतृत्व : उपलब्धि भन्दा भारी सीमाहरू**

देउवा पटक-पटक प्रधानमन्त्री बने, तर प्रश्न उठ्छ–उनले पार्टीलाई कुन दिशातर्फ लगे? उनी स्वयं पुस्तान्तरणको उपज थिए, तर उनले पुस्तान्तरणलाई नै अवरुद्ध गरे। चौधौं महाधिवेशनदेखि निरन्तर देखिएको उनको हठले पार्टीको आन्तरिक लोकतन्त्रलाई क्षीण बनाएको छ। शेखर कोइराला, गगन थापा, विश्वप्रकाश शर्मा जस्ता नेताहरू सीमित गरिनु केवल व्यक्तिगत प्रतिस्पर्धा होइन, यो कांग्रेसको भविष्यसँग गरिएको अन्याय हो।

**राजनेता हुने अन्तिम अवसर गुम्यो**

देउवाको हठले कांग्रेस कमजोर भयो, विभाजित भयो, र राष्ट्रिय राजनीतिमा उसको प्रभाव सिमित भयो। यो केवल राजनीतिक भूल होइन, ऐतिहासिक विफलता हो। ढिलो भयो, बिनाश नै भैसक्यो, तर अझैं यदि देउवाले आफ्नो उदयको इतिहास सम्झिएर नयाँ पुस्तालाई मार्ग प्रशस्त गरे भने, उनले आफूलाई राजनेताको रूपमा प्रमाणित गर्न सक्छन्।

कांग्रेसको जीवन्तता बिना नेपालको लोकतन्त्र अधुरो छ। र कांग्रेसको जीवन्तता पुस्तान्तरण बिना सम्भव छैन। यही नै इतिहासको माग हो–र यही नै देउवामाथिको कठोर, तर न्यायोचित प्रश्न हो।

# ‘सूचना प्रविधिको प्रयोगप्रति आयोग संवेनशील छ’

काठमाण्डु । कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगप्रति आयोग संवेनशील रहेको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा आयोगका कम्प्युटर अपरेटरका लागि विहीबारदेखि काठमाडौँमा सुरु भएको एकीकृत निर्वाचन व्यवस्थापन सूचना प्रणाली एवं साइबर सुरक्षासम्बन्धी तालिमको उद्घाटन गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सूचना प्रविधिमार्फत गत भदौ २३ र २४ गते भएको विद्रोहपछि आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मिति तोकिएकाले यस निर्वाचनमा प्रविधिको प्रयोगप्रति संवेनशील रहेको बताउनुभयो।



निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन गर्ने कार्य बन्द गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत संशोधन गरिएपछि आयोगले यसपटक राष्ट्रिय परिचयपत्र प्रणालीसँग आयोगको मतदाता नामावली संकलन गर्ने प्रणाली एकीकृत गरी सहज ढंगबाट मतदाता नामावली संकलन गर्न सफल भएको उहाँले बताउनुभयो। सूचना प्रविधिमार्फत फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणास्पद अभिव्यक्ति न्यूनीकरणका लागि आयोगको सूचना प्रविधिमा कार्यरत सम्पूर्ण कर्मचारीको भूमिका महत्वपूर्ण हुने कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो।

निर्वाचन आचारसंहिता पूर्ण पालना, प्रचारप्रसार एवं मतदाता शिक्षा जनस्तरसम्म पुऱ्याउन सूचना प्रविधिको भूमिका महत्वपूर्ण हुने बताउँदै उहाँले आयोगमा कार्यरत दक्ष जनशक्तिले यसको सकारात्मक प्रयोगलाई प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गर्नुभयो।

आयोगले सूचनाप्रविधिको प्रयोग गर्दै मतदाता नामावली दर्ता, मतदाता नामावली व्यवस्थापन, इभेन्ट ट्र्याकिङ सिस्टम, उम्मेदवारको खर्च व्यवस्थापन प्रणाली, अब्जर्भर व्यवस्थापन, उम्मेदवारको मनोनयपत्र दर्तादेखि निर्वाचनको परिणाम घोषणासम्म कार्य गर्दै आइरहेको छ। यसैगरी बाह्य जिल्ला मतदाता नामावली दर्ता, प्रि इनरोलमेन्ट एवं राष्ट्रिय परिचयपत्र प्रणालीसँग आवद्धता गरेर आयोगले मतदाता नामावली संकलन गर्ने कार्यलाई सहज र पहुँचयोग्य बनाएको छ।

आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिएर विगतदेखि नै कार्य हुँदै आएको उल्लेख गर्दै प्रविधिको तीव्र विकास र गतिसँगै यसलाई अवलम्बन गर्ने कार्यमा आयोग प्रयत्नशील रहेको बताउनुभयो।रासस

# शान्ति, सुशासन र विकासको जनआकाङ्क्षा पूरा गर्न निर्वाचन सफल पारौँः राष्ट्रपति

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले परिवर्तित सन्दर्भमा नवपुस्ता मात्र नभएर सबै नेपालीको चाहनाअनुसार सुरक्षित भविष्यको लागि मुलुकलाई निकास दिन आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल पार्न अनुरोध गर्नुभएको छ।

बाग्लुङको बलेवास्थित त्रिभुवन माध्यमिक विद्यालयले विहीबार विद्यालय परिसरमा आयोजना गरेको हीरक महोत्सवमा उहाँले शान्ति, सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्नुपर्ने दायित्वका लागि यो निर्वाचनलाई सफल पार्नुपर्ने बताउनुभएको उहाँको सचिवालयले जनाएको छ।“हामीले ठूलो सङ्घर्ष र बलिदानबाट प्राप्त गरेको संविधान र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीले शासनमा बसेकाहरूबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनचाहना पूरा हुनुपर्छ । यो हामीले बिर्सन हुन्न”, राष्ट्रपतिले भन्नुभयो।



जनताको हित र सेवालाई केन्द्रमा राखेर सुशासनको माध्यमबाट भ्रष्टाचार, ढिलासुस्ती, विकृतिको अन्त्य गरी विकासको गतिलाई तिव्रता दिनु आजको आवश्यकता भएको बताउँदै राष्ट्रपतिले परिवर्तित सन्दर्भमा नवपुस्ता र जनचाहनाअनुसार मुलुकलाई निकास दिने अहिलेको सर्वोत्तम उपाय निर्वाचन हो भन्नुभयो।

राष्ट्रपति पौडेलले मुलुकलाई राजनीतिको दुष्चक्रमा पर्न नदिन आपसी समझदारी, समवन्य र सहकार्यबाटै निर्वाचनको महायज्ञलाई सफल पार्न आग्रह गर्नुभयो। “शिक्षा र रोजगारीका लागि युवा विदेश पलायन हुने समस्याले आज हामी सबैलाई चिन्तित तुल्याएको छ”, उहाँले भन्नुभयो, “शिक्षामा लगानी बढाएर शिक्षा र रोजगारीको लागि विदेशीने चिन्ताजनक अवस्थाको अन्त्य गर्न स्वदेशमै रोजगारी, उत्पादन र उद्यमशीलताका नवीन आयामहरूको विकासमा जोड दिनु हामी सबैको दायित्व हो।”

राष्ट्रपति पौडेलले बदलिँदो विश्वमा गुणस्तरीय, प्रविधिमैत्री र मूल्यमा आधारित शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै विद्यालयहरूले ज्ञानसँगै नैतिकता, सीप र संस्कार सिकाउनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रको भविष्य र राष्ट्र निर्माणको आधारशिला नै शिक्षा भएको र यसलाई सरकारले सधैँ प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै राष्ट्रपतिले भन्नुभयो, “देश विकासको लागि कृषिलाई आधुनिकीकरण, व्यावसापयकीकरण र औद्योगिकीकरण गर्ने शिक्षा नै अहिलेको आवश्यकता हो। नवप्रवर्तन, अनुसन्धान र व्यावसायिक क्रियाकलापमार्फत शिक्षालाई उद्यमशीलतासँग जोड्दै जीवनोपयोगी बनाउनुपर्छ।”रासस

## कांग्रेसलाई एकताबद्ध राख्ने प्रयास सफल हुन सकेन : नेता डा कोइराला



काठमाण्डु। नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीलाई एकताबद्ध राख्ने प्रयास सफल हुन नसकेको बताउनुभएको छ।

नेता डा कोइरालाले विहीबार एक विज्ञप्ति जारी गरी कांग्रेसलाई एकताबद्ध राख्ने आफ्नो प्रयास सफल हुन नसकेको र यस घटनामा संलग्न हामी सबै चुकेको बताउनुभयो। डा कोइरालाले कांग्रेस एक भएर आसन्न निर्वाचनमा होमिनुपर्छ भन्ने सोचका साथ इमानदार प्रयास गरे पनि विभाजनबाट पार्टीलाई जोगाउन नसकेकामा दुःख व्यक्त गर्नुभयो।

उहाँले आगामी दिनमा आफ्नोसामु आसन्न निर्वाचनमा जाने र आठ दशक लामो कांग्रेस इतिहासको गौरवलाई जोगाउने जिम्मेवारी रहेको बताउनुभयो। नेता डा कोइरालाले अहिलेको विषम परिस्थितिमा पार्टीभित्र एकताको खाँचो रहेको उल्लेख गर्दै सुदृढ कांग्रेसका पक्षमा एक हुन अनुरोध गर्नुभयो। नेता डा कोइरालाले पार्टीभित्र गर्नुपर्ने सुधारका प्रक्रिया नरोकिने भन्दै सबैलाई आफ्नो घरमा फर्कन विज्ञप्तिमार्फत आह्वान गर्नुभएको छ।रासस

# पारित दस्तावेज र नवनिर्वाचित केन्द्रीय कार्य समितिको विवरण निर्वाचन आयोगमा

काठमाण्डु। नेपाली कांग्रेसको दोस्रो महाधिवेशनबाट नवनिर्वाचित गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्य समितिले विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा विवरण पेस गरेको छ।

सभापति थापाको नेतृत्वमा नवनिर्वाचित केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्यहरु आज आयोगको केन्द्रीय कार्यालय बहादुर भवन पुगी राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम केन्द्रीय कार्य समितिका पदाधिकारी हेरफेर भएको विवरण पेस गरेका हुन्। विवरण पेस गर्दै सभापति थापाले विशेष महाधिवेशनले गरेका निर्णय, पारित गरेका दस्तावेज र नवनिर्वाचित केन्द्रीय कार्य समितिको विवरण पेस गरिएको सञ्चारकर्मीलाई जानकारी दिनुभयो। विशेष महाधिवेशनले सभापतिसहित सिङ्गो केन्द्रीय कार्य समिति नै परिवर्तन गरिएको विवरण पेस गरिएको उहाँले बताउनुभयो। विवरण बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै थापा नेतृत्वको नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टी फुटेको नभई विधानअनुसार विधिवत् भएको विशेष महाधिवेशनले नयाँ केन्द्रीय कार्य समिति सर्वसम्मत रुपमा निर्वाचित गरेको जानकारी दिनुभयो। त्यही विवरण अद्यावधिक गर्न पार्टी केन्द्रीय कार्य समितिका पदाधिकारी र केन्द्रीय सदस्यहरु आयोग आएको उहाँले सुनाउनुभयो।



थापा नेतृत्वको नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री गुरुराज घिमिरेले आयोग आउनुअघि बसेको केन्द्रीय कार्य समितिको बैठकले आगामी फागुन २१ गते हुने निर्वाचनमा टिकट वितरण गर्ने प्रयोजनका लागि संसदीय समिति एवं बोर्ड गठन गर्ने निर्णय भएको बताउनुभयो। निर्वाचनका लागि पार्टीको घोषणापत्र मस्यौदा गर्न सभापति थापाको नेतृत्वमा अर्को समिति गठन भएको उहाँले बताउनुभयो।

नवनिर्वाचित केन्द्रीय समितिले वरिष्ठ अधिवक्ता हरिहर दाहाल, वरिष्ठ अधिवक्ता एवं नेपाल बार एशोसियशनका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता एवं एशोसियशनका अर्का पूर्वअध्यक्ष प्रेमबहादुर खड्कासहितका कानुन व्यवसायी लिएर आयोगमा आएको थियो। सभापति थापाले आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीलाई दोस्रो विशेष महाधिवेशनबाट पारित भएका नीति तथा कार्यक्रमलगायत दस्तावेज र नव निर्वाचित केन्द्रीय कार्य समितिको विवरणलगायत कागजात पेस गर्नुभएको थियो।

थापा नेतृत्वको नेपाली कांग्रेसले छिटो विवरण अद्यावधिक गर्न माग गरेको छ। आयोग परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै थापा नेतृत्वको कांग्रेसका नवनिर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्यहरुले आगामी फागुन २१ गते हुने निर्वाचनका लगि मनोनयन दर्ता गर्ने समय नजिक आएकाले छिटो केन्द्रीय पदाधिकारीसहित केन्द्रीय सदस्यको विवरण अद्यावधिक गर्न माग गर्नुभएको हो। आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार प्रत्यक्ष निर्वाचन हुने १६५ क्षेत्रका लागि माघ ६ गते मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम छ।रासस

# राष्ट्रिय स्वाधिनताका लागि सङ्घर्षका उतारचढावबाट डराउनु हुँदैनः अध्यक्ष ओली

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टी इतिहासको कालदेखि राष्ट्रिय स्वाधिनता र समृद्धिका लागि सङ्घर्षका उतारचढावबाट अघि बढ्दै आएकाले फेरि पनि निर्भयताका साथ लाग्न आग्रह गर्नुभएको छ।

नेकपा (एमाले)द्वारा ४२ औँ पिस्कर सहिद स्मृति दिवस तथा सरेश नेपालद्वारा लिखित ‘जेलभित्रका सङ्घर्ष’ पुस्तकको विमोचन कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले आफूहरु नेपालमा नेपालीकै सरकार हुनुपर्छ र समृद्धि आफूहरुकै पालामा हुनुपर्छ भन्ने अभियानका साथ अहिले पनि लागिरहेको स्पष्ट पार्नुभयो। लोकतान्त्रिक आन्दोलनका क्रममा पिस्कर काण्ड एक ऐतिहासिक तथा वीरतापूर्ण घटना भएको स्मरण गर्दै उहाँले सहिदको बलिदान र परिवर्तनकारी जनताको आदर्शप्रति कर्तव्यनिष्ठ भएर निडरताका साथ लाग्न आग्रह गर्नुभयो।



फरक प्रसङ्गमा अध्यक्ष ओलीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सङ्गठित अपराध र सम्पति शुद्धिकरणसम्बन्धी मुद्धा फिर्ता लिन महान्याधिवक्ताको कार्यालयले गरेको निर्णयप्रति आपत्ति जनाउनुभयो।

कार्यक्रममा वामनेता मेघराज पौडेललाई सम्मान गरिएको थियो भने विमोचित पुस्तकका सम्बन्धमा समालोचक डा देवी नेपालले टिप्पणी गर्नुभएको थियो। सिन्धुपाल्चोकको पिस्करमा २०४० पुस ३० गते माघे सङ्क्रान्ति मेला मनाउनेहरुमाथि तत्कालीन सरकारले दमन गर्दा केही व्यक्ति सहिद हुनुका साथै र दर्जनौँ व्यक्ति घाइते भएका थिए।रासस

# ‘भाषा, लिपी, कला र संस्कृतिको संरक्षणमा सहकार्य र समन्वय आवश्यक छ’



काठमाण्डु। काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले लोपोन्मुख भाषा, लिपी, कला र संस्कृतिको संरक्षणमा सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभएको छ।

विहीबार यहाँ आयोजित ‘हाङ यलम्बर स्मृति’ पुरस्कार वितरण समारोहमा प्रमुख शाहले कतिपय भाषाका लिपी हराइसकेका, कतिपय भाषा विलिन भइसकेका उल्लेख गर्दै यस्ता लोप हुन लागेका भाषा र लिपी खोजी गरी संरक्षणमा हातोमालो गर्न सबैलाई आह्वान गर्नुभयो।किरात राई यायोक्खाद्वारा किरात यलम्बरसम्वत ५०८६ को अवसरमा आयोजित पुरस्कार समारोहमा उहाँले प्रत्येक समुदायले आफ्नो कला, संस्कृति, मूल्यमान्यता र पहिचानसँग जोडिएका भाषा जोगाउँदै जानुपर्ने धारणा राख्नुभयो।

देशभर विभिन्न जातजाति, समुदाय र सभ्यता रहेको उल्लेख गर्दै महानगरप्रमुख शाहले ती सबैको संरक्षण र सम्वर्द्धन गर्नु साझा दायित्व भएको बताउनुभयो। “हाम्रो भाषा, कला र संस्कृति जोगाउनु भनेको व्यक्तिगत मात्र नभइ सिङ्गो देशको पहिचान जोगाउनु हो”, उहाँले भन्नुभयो, “तपाईंले आफ्नो भाषा जोगाइरहनु भएको छ भने देशलाई पनि जोगाइरहनु भएको छ।”

प्रमुख शाहले नेपालका सबै कला र सम्पदालाई संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्दै जानुपर्ने आवश्यकता औँल्याउँदै एक सभ्यताले अर्को सभ्यताको सम्मान र संरक्षण गर्नुपर्ने धारणा राख्नुभयो। रासस

## दलहरू बलिया भए मात्र लोकतन्त्र सबल हुन्छः महासचिव पोखरेल

देउखुरी। एमाले महासचिव शङ्कर पोखरेलले दलहरू बलिया भए मात्र लोकतन्त्र सबल हुने बताउनुभएको छ।

दाङ प्रेस चौतारीले घोराहीमा विहीबार आयोजना गरेको पत्रकार भेटमा उहाँले लोकतान्त्रिक पद्धतिलाई सबल बनाउन आवधिक निर्वाचन अपरिहार्य हुने बताउनुभयो।

महासचिव पोखरेलले गत भदौ २३ र २४ गतेका घटनालाई असामान्य भएका बताउँदै भन्नुभयो, “प्रहरी र अदालतमा आक्रमण हुनु सामान्य होइन, विखण्डनले राष्ट्र कमजोर बनाउँछ, एकताबाटै समृद्धितर्फ अघि बढ्न सकिन्छ।” लोकतन्त्र, शान्तिसुरक्षा र कानुनी राज्यको रक्षाका निम्ति नेकपा एमाले गम्भीर रहेको बताउनुभयो।

उहाँले जेनजी आन्दोलनका क्रममा लुटिएका हतियार र भागेका कैदीबारे छानबिन गर्नुपर्ने, राजनीतिक दलहरू जनताबीच निर्वाध रूपमा जान पाउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। साथै उहाँले १६५ सिटमा पार्टीले उम्मेदवारी दिने बताउनुभयो।रासस


## रामगोपालपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

## पोखरीहरुको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०२६/०१/१६

यस रामगोपालपुर नगरपालिकाको मिति २०८२/०७/२३ गतेको निर्णय अनुसार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको तपसिल बमोजिमका पोखरीहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिने ईच्छुक फर्म , संघ-संस्थाले बोलपत्र कागजातमा उल्लेखित शर्त बन्देजको अधिनमा रही E-BIDDING प्रक्रिया द्वारा टेण्डरमा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | न्यूनतम बोलपत्र रकम (VAT सहित) | बोलपत्र कागजात खरिद गर्नु पर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | 06/IR/LP/ RGPMUN/ 2082/83 | लिदियाही पोखरी | २५,५०,०००/- | २०२६/०२/१६ दिउँसो १२ :०० बजे भित्र | २०२६/०२/१६ दिउँसो १२ :०० बजे भित्र | ३०००/- | १,२७,५००/- | ५ वर्षको लागी |
| २. | 07/IR/RP/ RGPMUN/ 2082/83 | रजोखर पोखरी | २५,५०,०००/- | २०२६/०२/१६ दिउँसो १२ :०० बजे भित्र | २०२६/०२/१६ दिउँसो १२ :०० बजे भित्र | ३०००/- | १,२७,५००/- | ५ वर्षको लागी |

**बोलपत्र खोलिने मिति, समय र स्थान** : २०२६/०२/१६ , दिउँसो २ :०० बजे , रामगोपालपुर न पा , महोत्तरी

**Date of pre-bid meeting: 2026/FEB/04**

**नोट** : बोलपत्र खोलिने मितिको दिन सार्वजनीक बिदा परेमा सोको भोलीपल्ट निर्धारित समयमै बोलपत्र खोलिनेछ।

**थप जानकारीको लागी** : रामगोपालपुर न.पा., महोत्तरीको कार्यालयमा सम्पर्क गर्नुहुन।

**प्रमुख प्रशासकीय अधिकृत**


# नासाको पहिलो मेडिकल निकासीमा चार अन्तरिक्ष यात्री पृथ्वी फर्कँदै

एपी

क्याप क्यानभेरल । चिकित्सकीय हेरचाह आवश्यक परेपछि नासाले इतिहासमै पहिलोपटक मेडिकल निकासी प्रक्रिया अपनाउँदै चार अन्तरिक्ष यात्रीलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट पृथ्वी फर्काउने निर्णय गरेको छ । बुधबार एक जना बिरामी अन्तरिक्ष यात्रीसहित तीन जना चालक दलका सदस्यले आइएसएसबाट प्रस्थान गरेका हुन् ।

अमेरिका, रुस र जापानका चारै जना अन्तरिक्ष यात्री स्पेसएक्सको क्याप्सुलमार्फत बिहीबार बिहान सान डिएगो नजिकै प्रशान्त महासागरमा सुरक्षित स्प्ल्यासडाउन गर्ने लक्ष्यमा छन् । यस निर्णयका कारण उनीहरूको ओलेग प्लाटोनोभ फेब्रुअरीको अन्त्यसम्म स्टेशनमा बस्ने योजना थियो । तर जनवरी ७ मा नासाले आकस्मिक रूपमा स्पेसवाक रद्द गर्दै चालक दल चाँडै फर्कने घोषणा गरेको थियो । स्वास्थ्य समस्या कुनै आपतकालीन नभएको र स्टेशन सञ्चालनसँग सम्बन्धित पनि नरहेको नासाले स्पष्ट पारेको छ ।

नासाले स्पेसएक्सको नियमित प्रवेश र स्प्ल्यासडाउन प्रक्रिया नै अपनाइने र प्रशान्त महासागरमा रहेको रिकभरी जहाजमा चिकित्सकहरूको टोली तयारी अवस्थामा रहने जनाएको छ । अवतरणपछि चारै जना अन्तरिक्ष यात्रीलाई क्यालिफोर्नियाबाट ह्युस्टनस्थित जोन्सन स्पेस सेन्टर लैजाने समयतालिका भने अझै तय



भइसकेको छैन । हाल आइएसएसमा एक जना अमेरिकी र दुई जना रूसी अन्तरिक्ष यात्री रहिरहनेछन् । नासा र स्पेसएक्सले फेब्रुअरीको मध्यतिर फ्लोरिडाबाट नयाँ चार सदस्यीय टोली प्रक्षेपण गर्ने तयारी गरिरहेका छन् ।

मिसन एक महिनाभन्दा बढी छोटिएको नासाले जनाएको छ ।नासाकी अन्तरिक्ष यात्री जेना कार्डम्यानले फिर्ती यात्राअघि भन्नुभयो, "हाम्रो प्रस्थान समय अप्रत्याशित भए पनि यो चालक दल परिवारझैँ एक-अर्काको हेरचाह गर्दै एकताबद्ध भएको देख्नु प्रेरणादायी रह्यो ।"

अधिकारीहरूले चिकित्सकीय गोपनीयताको कारण बिरामी अन्तरिक्ष यात्रीको पहिचान र स्वास्थ्य अवस्थाबारे विवरण सार्वजनिक नगरेको बताए । यद्यपि निवर्तमान स्टेशन कमान्डर माइक फिन्केले सामाजिक सञ्जालमार्फत उक्त अन्तरिक्ष यात्री 'स्थिर, सुरक्षित र राम्रोसँग हेरचाहमा' रहेको जानकारी दिनुभएको थियो । उहाँका अनुसार, विस्तृत चिकित्सकीय मूल्याङ्कन पृथ्वीमै गर्न उपयुक्त हुने भएकाले यो निर्णय लिइएको हो ।

गत अगस्टमा प्रक्षेपण गरिएका कार्डम्यान, फिन्के, जापानका किमिया युई र रुसका

कम्प्युटर मोडलिङले प्रत्येक तीन वर्षमा मेडिकल निकासी आवश्यक पर्न सक्ने देखाए पनि नासाले ६५ वर्षको मानव अन्तरिक्ष उडान इतिहासमा यस्तो कदम चाल्नु पहिलोपटक हो । विगतमा सन् १९८५ मा सोभियत अन्तरिक्ष यात्री भ्लादिमिर भास्युटिन स्वास्थ्य समस्याका कारण साल्युट-७ स्टेशनबाट चाँडै फर्किएका थिए ।

नासाका नयाँ प्रशासक जारेड आइज्याकम्यानको कार्यकालको पहिलो प्रमुख निर्णय यही मेडिकल निकासी बनेको छ । निर्णय सार्वजनिक गर्दै उहाँले भन्नुभयो, "हाम्रा अन्तरिक्ष यात्रीहरूको स्वास्थ्य र कल्याण सधैँ हाम्रो सर्वोच्च प्राथमिकता रहनेछ ।"

# हिउँमुनिको राजनीति : ग्रिनल्यान्ड र विश्व शक्तिको आँखा

काठमाण्डु । हिउँले ढाकिएको, चिसो र टाढाको भूभाग – ग्रिनल्यान्डलाई धेरैले यस्तै रूपमा सम्झिन्छन् । ध्रुवीय भालु (पोलार बियर), नर्दर्न लाइट्स र अनन्त बरफको देश । तर पछिल्ला केही वर्षमा यो विशाल टापु विश्व राजनीतिको केन्द्रमा उभिएको छ । कारण केवल जलवायु परिवर्तन होइन, न त प्राकृतिक स्रोत मात्र । कारण हो – महाशक्तिहरूको बढ्दो प्रतिस्पर्धा, आर्कटिक क्षेत्रमा शक्ति सन्तुलनको परिवर्तन र केही नेताहरूको महत्त्वाकांक्षा । यही सन्दर्भमा ग्रिनल्यान्ड आज इतिहास, वर्तमान र भविष्यको सङ्गम बनेको छ ।

ग्रिनल्यान्डको इतिहास हजारौँ वर्ष पुरानो छ । इनुइट समुदायहरू यहाँको कठोर वातावरणसँग जुध्दै जीवन बिताउँदै आएका छन् । करिब एक हजार वर्षअघि नर्वेली भाइकिङहरू यहाँ आइपुगेपछि यसको इतिहास लिखित रूपमा अघि बढ्यो । त्यसपछि यो डेनमार्क-नर्वे साम्राज्यको प्रभावमा रह्यो । सन् १८१४ मा नर्वे डेनमार्कबाट अलग हुँदा पनि ग्रिनल्यान्ड डेनमार्ककै अधीनमा रह्यो । भौगोलिक रूपमा उत्तर अमेरिकासँग नजिक भए पनि यसको राजनीतिक यात्रा युरोपसँग गाँसियो ।

दोस्रो विश्वयुद्धपछि विश्व व्यवस्था बदलिँदै गयो । उपनिवेशवाद कमजोर बन्दै गयो र आत्मनिर्णयको आवाज बलियो हुँदै गयो । ग्रिनल्यान्डले पनि यही प्रवाह पछ्यायो । सन् १९७९ मा आन्तरिक स्वशासन र २००९ मा थप अधिकारसहितको स्वशासन पायो । आज ग्रिनल्यान्डको आफ्नै संसद् र सरकार छ । तर रक्षा, परराष्ट्र नीति र मुद्रा जस्ता विषयमा डेनमार्कको भूमिका अझै कायम छ । क्रमशः आफ्नो बाटो खोजिरहेको ग्रिनल्यान्डका लागि यो सम्बन्ध पूर्ण नियन्त्रणभन्दा पनि राजनीतिक साझेदारीजस्तो देखिन्छ ।

ग्रिनल्यान्डप्रति अमेरिकाको चासो भने नयाँ होइन । दोस्रो विश्वयुद्धका बेला नाजी जर्मनीको सम्भावित विस्तार रोक्न अमेरिकाले यहाँ सैनिक उपस्थिति कायम गर्‍यो । शीतयुद्धकालमा सोभियत सङ्घसँगको प्रतिस्पर्धामा आर्कटिक क्षेत्र रणनीतिक रूपमा अत्यन्तै महत्त्वपूर्ण बन्यो । यही कारण अमेरिकाले ग्रिनल्यान्डमा आफ्नो सैन्य उपस्थिति निरन्तर राख्यो । सन् १९४६ मै अमेरिकाले डेनमार्कसँग ग्रिनल्यान्ड किन्न प्रस्ताव गरेको थियो, तर त्यो प्रयास असफल भयो । यद्यपि थुले एयर बेस (अहिले पिटुफिक स्पेस बेस) जस्ता सैन्य आधारमार्फत अमेरिका यहाँ उपस्थित नै रह्यो ।

डोनाल्ड ट्रम्प राष्ट्रपति बनेपछि यो पुरानो चासो नयाँ भाषामा बाहिर आयो । सन् २०१९ मा ट्रम्पले सार्वजनिक रूपमा ग्रिनल्यान्ड 'किन्ने' विचार व्यक्त गर्नुभयो । धेरैले यसलाई असम्भव, हास्यास्पद वा अनौठो अभिव्यक्ति माने । तर ट्रम्प प्रशासनको सोच त्यसमा सीमित थिएन । आर्कटिक क्षेत्रमा रुसको सैन्य




गतिविधि र चीनको आर्थिक पहुँच बढ्दै गइरहेका थिए । जलवायु परिवर्तनका कारण बरफ पग्लँदै जाँदा दुर्लभ खनिज, तेल, ग्यास र नयाँ समुद्री मार्गको सम्भावना देखिन थालेको थियो । ट्रम्पको नजरमा ग्रिनल्यान्ड अमेरिकाको सुरक्षा र आर्थिक हितका लागि 'अत्यन्तै मूल्यवान' सम्पत्ति थियो ।

यही महत्त्वाकांक्षी सोच ट्रम्पको राजनीतिक शैलीसँग मेल खान्थ्यो । भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरेपछि ट्रम्प प्रशासनले ल्याटिन अमेरिकामा आफ्नो प्रभाव देखाइसकेको थियो । त्यस घटनापछि ट्रम्पभित्र विश्व राजनीतिमा निर्णायक भूमिका खेल्ने आत्मविश्वास झनै बलियो भएको विश्लेषकहरू बताउँछन् । मदुरो प्रकरणले ट्रम्पलाई ' कडा नेता' को छवि दिन मद्दत गर्‍यो र यही मनोविज्ञान आर्कटिकसम्म फैलिएको देखिन्छ । ग्रिनल्यान्डलाई अमेरिकाको नियन्त्रणमा ल्याउने कल्पना केवल भूगोल होइन, शक्ति प्रदर्शनको अर्को अध्याय जस्तै देखिन्थ्यो ।

तर डेनमार्क र ग्रिनल्यान्डका लागि यो कल्पना स्वीकार्य थिएन । डेनमार्ककी प्रधानमन्त्रीले ट्रम्पको प्रस्तावलाई 'बेतुकको' भन्दै स्पष्ट रूपमा अस्वीकार गर्नुभयो । ग्रिनल्यान्डका नेताहरूले अझ कडा शब्दमा भने – ग्रिनल्यान्ड बिक्रीको वस्तु होइन । यस घटनाले अमेरिका-डेनमार्क सम्बन्धमा अस्थायी तनाव ल्यायो, यहाँसम्म कि नियोजित राजकीय भ्रमणसमेत रद्द भयो । यो क्षणले अन्तर्राष्ट्रिय सम्बन्धमा सार्वभौमिकता र सम्मान कति संवेदनशील विषय हुन् भन्ने स्पष्ट देखाएको छ ।

डेनमार्कको दृष्टिमा ग्रिनल्यान्ड केवल रणनीतिक भूभाग होइन, ऐतिहासिक जिम्मेवारी र राजनीतिक साझेदार हो । डेनमार्कले ग्रिनल्यान्डलाई आत्मनिर्णयको अधिकार दिएको दाबी गर्छ र भविष्यको निर्णय ग्रिनल्यान्डवासीहरूले नै गर्ने बताउँदै आएको छ । कुनै तेस्रो देशले आर्थिक वा सैन्य शक्तिका आधारमा दाबी गर्नु अन्तर्राष्ट्रिय कानूनविपरीत हुने डेनमार्कको अडान छ । युरोपेली सन्दर्भमा हेर्दा पनि ग्रिनल्यान्ड युरोपको सुरक्षा र आर्कटिक रणनीतिसँग गाँसिएको विषय हो ।

ग्रिनल्यान्ड स्वयं भने दुई भावनाबीच उभिएको छ । एकातिर दीर्घकालीन रूपमा पूर्ण स्वतन्त्रताको चाहना छ, अर्कोतिर आर्थिक निर्भरता र व्यावहारिक चुनौतीहरू छन् । डेनमार्कबाट प्राप्त अनुदान अहिले पनि यसको अर्थतन्त्रको ठूलो हिस्सा हो । तर खनिज, मत्स्य उद्योग, पर्यटन र सम्भावित ऊर्जा स्रोतको विकासमार्फत ग्रिनल्यान्ड आर्थिक रूपमा सबल बन्न चाहन्छ । अमेरिकाको चासोलाई उसले पूर्ण रूपमा अस्वीकार गरेको छैन – लगानी, पूर्वाधार र प्रविधिमा सहयोग स्वीकार्न तयार छ । तर सार्वभौमिकता र निर्णयको अधिकारमा कुनै सम्झौता नगर्ने सन्देश स्पष्ट छ ।

युरोपेली मुलुकहरूले पनि ग्रिनल्यान्डको विषयलाई गम्भीर रूपमा हेरेका छन् । ट्रम्पको प्रस्तावलाई व्यक्तिगत सनक मात्र नभई बदलिँदो विश्व शक्ति सन्तुलनको सङ्केतका रूपमा बुझिएको छ । रुसको सैन्य गतिविधि र चीनको आर्थिक विस्तारले युरोपलाई आर्कटिक क्षेत्रमा सचेत बनाएको छ । त्यसैले ग्रिनल्यान्ड आज अमेरिका-युरोप सम्बन्ध, नाटोको भूमिका र क्षेत्रीय सुरक्षासँग गाँसिएको मुद्दा बनेको छ ।

हाल ग्रिनल्यान्ड औपचारिक रूपमा डेनमार्कको अधीनमा स्वशासित क्षेत्रकै रूपमा कायम छ । अमेरिकाले त्यहाँ आफ्नो सैन्य उपस्थिति विस्तार गरिरहेको छ तर डेनमार्क र ग्रिनल्यान्डसँगको सहकार्यकै ढाँचामा । चीनको लगानीप्रति भने अमेरिका र डेनमार्क दुवै सतर्क छन् । जलवायु परिवर्तनले बरफ पग्लँदा एकातिर वातावरणीय जोखिम बढेको छ भने अर्कोतिर नयाँ आर्थिक अवसर पनि देखिएका छन् । यही द्वन्द्वबीच ग्रिनल्यान्ड आफ्नो भविष्यको बाटो खोजिरहेको छ ।

ग्रिनल्यान्डका लागि सम्भावना र चुनौती दुवै छन् । डेनमार्कसँगको सम्बन्धलाई यथावत् राख्दै थप स्वशासन, दीर्घकालीन रूपमा पूर्ण स्वतन्त्रताको बाटो वा अमेरिका र युरोपसँग रणनीतिक साझेदारी गहिरो बनाउँदै आर्कटिक शक्ति सन्तुलनमा निर्णायक भूमिका – यी सबै विकल्प खुला छन् । तर जे भए पनि, बाह्य शक्तिको इच्छाभन्दा पनि ग्रिनल्यान्डवासीहरूको चाहना निर्णायक हुनेछ ।

**ग्रिनल्यान्डमा युरोपेली सैन्य तैनाथी सुरु**

खनिज-सम्पन्न तथा रणनीतिक रूपमा महत्त्वपूर्ण आर्कटिक टापु ग्रिनल्यान्डलाई लिएर बढ्दो कूटनीतिक तनावबीच युरोपेली देशहरूका सैन्य कर्मचारीहरू बिहीबारदेखि ग्रिनल्यान्ड आइपुग्न थालेका छन् । वासिङ्टनमा अमेरिकी, डेनिस र ग्रिनल्यान्डका अधिकारीहरूबीच भएको उच्चस्तरीय बैठकले 'मौलिक असहमति' समाधान गर्न नसकेको केही समयपछि यो सैन्य तैनाथी सुरु भएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वायत्त डेनमार्क क्षेत्र ग्रिनल्यान्डलाई अमेरिकी नियन्त्रणमा लिनुपर्ने धारणा पटक-पटक सार्वजनिक गर्दै आउनुभएको छ । उहाँले ग्रिनल्यान्ड अमेरिकी राष्ट्रिय सुरक्षाका लागि अत्यन्तै महत्त्वपूर्ण रहेको तर्क गर्दै आउनुभएको छ ।यसै सन्दर्भमा फ्रान्स, स्विडेन, जर्मनी र नर्वेले बुधबार संयुक्त रूपमा घोषणा गर्दै ग्रिनल्यान्डको राजधानी नुकमा जासुसी तथा अनुगमन मिसनको हिस्साका रूपमा सैन्य कर्मचारीहरू तैनाथ गर्ने जानकारी दिएका थिए ।

ग्रिनल्यान्डका उपप्रधानमन्त्री म्युट इगेडले बुधबार आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "आजदेखि र आगामी दिनहरूमा नाटोका सैनिकहरूको ग्रिनल्यान्डमा उपस्थिति थप बढ्ने अपेक्षा गरिएको छ । थप सैन्य उडान र जहाजहरूको आवागमन पनि हुनेछ ।" उहाँका अनुसार ती सैन्य गतिविधिहरू 'प्रशिक्षण' का रूपमा सञ्चालन गरिनेछ ।फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले सामाजिक सञ्जाल एक्समार्फत 'पहिलो फ्रान्सेली सैन्य कर्मचारीहरू ग्रिनल्यान्डतर्फ प्रस्थान गरिसकेका छन्, अन्यले पनि क्रमशः पछ्याउनेछन्' भनी जानकारी दिनुभयो ।

डेनमार्कको निमन्त्रणामा जर्मनीले पनि सक्रिय सहभागिता जनाएको छ। जर्मन रक्षा मन्त्रालयका अनुसार १३ सदस्यीय शक्तिशाली बुन्डेसवेहर जासुसी टोली बिहीबारदेखि आइतबारसम्म नुकमा तैनाथ गरिएको छ ।डेनमार्क र ग्रिनल्यान्डका विदेशमन्त्रीहरूले वासिङ्टनमा अमेरिकी उपराष्ट्रपति जे. डी. भान्स र विदेशमन्त्री मार्को रुबियोसँग भेट गरेको दिन नै उक्त सैन्य तैनाथीको औपचारिक घोषणा गरिएको थियो ।

ह्वाइट हाउसबाट बाहिरिँदै डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले ग्रिनल्यान्डमाथि अमेरिकाको नियन्त्रण 'बिल्कुलै आवश्यक नभएको' स्पष्ट पार्नुभयो । उहाँले पत्रकारहरूसँग भन्नुभयो, "हामी अमेरिकी धारणा परिवर्तन गर्न सफल भएनौँ । राष्ट्रपतिको ग्रिनल्यान्डमाथि नियन्त्रण प्राप्त गर्ने चाहना अझै स्पष्ट देखिन्छ । त्यसैले हामीबीच अझै पनि मौलिक असहमति कायम छ, यद्यपि हामी असहमत हुन पनि सहमत भएका छौँ ।"

उक्त बैठकमा सहभागी नभएपछि प्रतिक्रिया दिँदै राष्ट्रपति ट्रम्पले पहिलोपटक मेलमिलापपूर्ण स्वर प्रयोग गर्दै डेनमार्कका चासोहरूलाई स्वीकार गर्नुभएको थियो । तर उहाँले कुनै पनि सम्भावित विकल्प पूर्ण रूपमा अस्वीकार नगरेको सङ्केत गर्नुभयो । "डेनमार्कसँग मेरो निकै राम्रो सम्बन्ध छ । यो विषय कसरी अगाडि बढ्छ, हामी हेर्नेछौँ । मलाई लाग्छ, केही न केही समाधान अवश्य निस्कनेछ", उहाँले थप विवरण नदिई भन्नुभयो ।उहाँले पुनः दोहोर्‍याउँदै यदि रुस वा चीनले ग्रिनल्यान्ड नियन्त्रणमा लिन खोजेमा डेनमार्क शक्तिहीन हुने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "हामीसँग भने गर्न सक्ने सबै क्षमता छ ।"

जनवरी ३ मा भेनेजुएलामा घातक आक्रमणको आदेश दिई राष्ट्रपति निकोलस मदुरोलाई अपदस्थ गरिएपछि राष्ट्रपति ट्रम्प ग्रिनल्यान्डको विषयमा झनै सक्रिय र उत्साहित देखिनुभएको छ ।यसैबीच, ग्रिनल्यान्डको राजधानी नुकमा राष्ट्रिय एकताको सन्देशस्वरूप सडक, पसलका झ्याल, अपार्टमेन्टका बालकनी तथा कार र बसहरूमा रातो र सेतो ग्रिनल्यान्डको झण्डा फहराइएको देखिएको छ । तर कतिपय स्थानीय बासिन्दाहरूले आफूहरू अचानक अन्तर्राष्ट्रिय भूराजनीतिक केन्द्रमा पर्नुपरेकोमा चिन्ता व्यक्त गरेका छन् ।

"यो निकै डर लाग्दो छ, किनभने कुरा अत्यन्तै ठूलो बनेको छ", नुककी ५१ वर्षीया शिक्षिका भेरा स्टिडसेनले भन्नुभयो, "मलाई आशा छ, भविष्यमा पनि हामी अहिले जस्तै शान्तिपूर्वक र बिना कुनै खलल जीवन बिताउन सक्नेछौँ ।"रासस

# तनावबीच इरानमा हवाई क्षेत्र अस्थायी रूपमा बन्द

एपी

दुबई । राष्ट्रव्यापी विरोध प्रदर्शनमाथि तेहरानले गरेको रक्तपातपूर्ण दमनका कारण संयुक्त राज्य अमेरिकासँग तनाव तीव्र बन्दै गएपछि इरानले बिहीबार बिहान कुनै स्पष्ट कारण नखुलाई व्यावसायिक उडानहरूका लागि आफ्नो हवाई क्षेत्र घन्टौँका लागि बन्द गरेको छ ।

प्रमुख पूर्व-पश्चिम अन्तर्राष्ट्रिय उडान मार्गमा पर्ने इरानले जारी गरेको पाइलट मार्गनिर्देशनअनुसार यो बन्द चार घण्टाभन्दा बढी समयसम्म कायम रह्यो । यस अवधिमा अन्तर्राष्ट्रिय विमान कम्पनीहरूले इरानको आकाश मार्ग प्रयोग नगरी उत्तर र दक्षिणतर्फ उडान डाइभर्ट गरे । पछि बन्द अवधि समाप्त भएको सङ्केत देखिएको छ र बिहान ७ बजेपछि धेरैजसो आन्तरिक उडानहरू पुनः सञ्चालनमा आएका थिए ।

यसअघि पनि इरानले जुन महिनामा इजरायलसँग भएको १२ दिने युद्ध तथा इजरायल-हमास युद्धका क्रममा इजरायलसँगको गोलीबारीपछि आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो । तर यसपटक कुनै प्रत्यक्ष सैन्य भिडन्तको स्पष्ट सङ्केत नदेखिए पनि इरान विश्वव्यापी उड्डयनका लागि अत्यन्तै महत्त्वपूर्ण मार्गमा पर्ने भएकाले बन्दको असर तुरुन्तै अन्तर्राष्ट्रिय स्तरमा देखिएको हो ।

"धेरै एयरलाइन्सहरूले पहिले नै आफ्ना सेवाहरू घटाइसकेका वा निलम्बन गरेका छन् र अधिकांश क्यारियरहरूले इरानी हवाई क्षेत्रबाट जोगिन थालेका छन्", द्वन्द्व क्षेत्र र हवाई यात्रासम्बन्धी जानकारी प्रदान गर्ने वेबसाइट सेफएयरस्पेसले भनेको छ, "यस अवस्थाले थप सुरक्षा वा सैन्य गतिविधिको सङ्केत गर्न सक्छ, जसमा मिसाइल प्रक्षेपण वा हवाई प्रतिरक्षा प्रणालीको गतिविधि बढ्ने जोखिम रहन्छ । यस्तो परिस्थितिले नागरिक विमानलाई गलत रूपमा लक्ष्य ठानिने खतरा पनि बढाउँछ ।"

विगतमा इरानले व्यावसायिक विमानलाई शत्रुतापूर्ण लक्ष्यका रूपमा गलत पहिचान



गरेको उदाहरण पनि छ । सन् २०२० मा इरानी हवाई प्रतिरक्षाले युक्रेन इन्टरनेसनल एयरलाइन्सको फ्लाइट पिएस७५२ लाई दुई सतह-देखि-हावा मिसाइल प्रहार गर्दा विमानमा सवार सबै १७६ यात्रु र चालक दलका सदस्यहरूको ज्यान गएको थियो । त्यसबेला इरानले केही दिनसम्म उक्त आरोप अस्वीकार गर्दै पश्चिमी प्रचारको संज्ञा दिएको थियो, तर पछि विमान आफ्नै प्रतिरक्षाले खसालेको स्वीकार गर्न बाध्य भएको थियो ।

यस पटकको हवाई क्षेत्र बन्द कतारमा रहेको एक प्रमुख अमेरिकी सैन्य आधारका केही कर्मचारीहरूलाई खाली गर्न सल्लाह दिइएपछि गरिएको हो । कुवेतस्थित अमेरिकी दूतावासले पनि आफ्ना कर्मचारीहरूलाई खाडी क्षेत्रका केही सैन्य आधारहरूमा जान 'अस्थायी रूपमा रोक्न' निर्देशन दिएको छ ।यसैबीच, संयुक्त राज्य अमेरिकाको अनुरोधमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले बिहीबार दिउँसो इरानको अवस्थाबारे आपतकालीन बैठक बोलाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार दिएका अस्पष्ट अभिव्यक्तिहरूले इरानविरुद्ध सम्भावित अमेरिकी कदमबारे अनिश्चितता बढाएको छ । पत्रकारहरूसँग कुरा गर्दै उहाँले धेरै विवरण नदिई इरानमा मृत्युदण्डसम्बन्धी योजना रोकिएको जानकारी आफूलाई प्राप्त भएको बताउनुभयो । एक दिनअघि उहाँले इरानका प्रदर्शनकारीहरूलाई 'मद्दत आउँदैछ' भन्दै इस्लामिक गणतन्त्रको घातक दमनको जवाफमा आफ्नो प्रशासनले 'उचित कदम चाल्ने' चेतावनी दिनुभएको थियो ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले भने तनाव घटाउने प्रयास गर्दै संयुक्त राज्य अमेरिकालाई वार्ताको माध्यमबाट समाधान खोज्न आग्रह गर्नुभएको छ । फक्स न्युजसँगको अन्तर्वार्तामा उहाँले भन्नुभयो, "मेरो सन्देश स्पष्ट छ–युद्ध र कूटनीतिबीच कूटनीति नै राम्रो बाटो हो । यद्यपि संयुक्त राज्य अमेरिकासँग हाम्रो अनुभव सकारात्मक छैन, तर युद्धभन्दा कूटनीति सधैँ उत्तम हुन्छ ।"

# अमेरिकाद्वारा ७५ देशका नागरिकका लागि आप्रवासी भिसामा अस्थाई रोक

एएनआई

वासिङ्टन डीसी । संयुक्त राज्य अमेरिकाले सार्वजनिक कल्याण र लाभको सम्भावित दुरुपयोगको चिन्तालाई उद्धृत गर्दै ७५ वटा देशका नागरिकहरूलाई आप्रवासी भिसा जारी गर्नमा अस्थाई रोक लगाउने घोषणा गरेको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा अमेरिकी विदेश विभागले यो निर्णय गरेको उल्लेख गर्दै विज्ञप्ति जारी गरेको छ , जसमा अमेरिकामा आप्रवासीहरू आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्ने र अमेरिकी करदाताहरू माथि बोझ बन्न नहुने विषय उल्लेख छ ।

"सार्वजनिक लाभ प्रयोगको उच्च जोखिममा रहेका राष्ट्राहरूका लागि आप्रवासी भिसा प्रशोधन अन्तिम पटक सन् २०२६ जनवरी १४ मा अद्यावधिक गरी जनवरी- २१, देखि लागु हुने जनाइएको छ । राष्ट्रपति ट्रम्पले आप्रवासीहरू आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्ने र अमेरिकीहरूका लागि आर्थिक बोझ हुन नहुने स्पष्ट पार्नु भएको छ भने विदेश विभागले विद्यमान नीति नियमहरू र मार्गदर्शनको पूर्ण समीक्षा भइरहेको जनाएको छ ।

नयाँ निर्देशन अन्तर्गत पाकिस्तान, अफगानिस्तान, बंगलादेश, इरान, इराक, नाइजेरिया, रुस, सोमालिया, सुडान, सिरिया र यमन लगायत सूचीबद्ध देशहरूबाट आप्रवासी भिसा आवेदकहरूले आवेदन पेस गर्न र निर्धारित भिसा अन्तर्वार्तामा भाग लिन सक्छन् ।यद्यपि, रोकको समयमा यी देशका नागरिकहरूलाई कुनै आप्रवासी भिसा जारी नगरिने जनाउदै विदेश विभागले यस कदमले पहिले जारी गरिएको कुनै पनि आप्रवासी भिसा रद्द नगर्ने स्पष्ट पारेको छ ।

विशेष गरी, यो प्रतिबन्ध आप्रवासी भिसाहरूमा मात्र लागू हुने भएकाले पर्यटक तथा व्यापार भिसासहित गैर आप्रवासी भिसाहरूलाई यसले असर नगर्ने बताइएको छ । सार्वजनिक शुल्क एक अमेरिकी आप्रवासन मानक हो जसको गैर-नागरिकहरु सरकारी सुविधाहरूमा निर्भर हुने सम्भावना छ कि छैन भनेर मूल्याङ्कन गर्न प्रयोग गरिन्छ भने यसले ग्रीन कार्ड योग्यतालाई असर गर्छ ।

फक्स न्यूजले सन् २०२५ नोभेम्बरमा विदेश विभागले आप्रवासन कानूनको "सार्वजनिक शुल्क" प्रावधान अन्तर्गत विस्तारित नियमहरू लागू गर्न कन्सुलर अधिकारीहरूलाई निर्देशन दिएको रिपोर्ट गरेको थियो ।

निर्देशनले अधिकारीहरूलाई स्वास्थ्य, उमेर, अङ्ग्रेजी भाषा, वित्त, र दीर्घकालीन चिकित्सा हेरचाहको सम्भावित आवश्यकता जस्ता कारकहरूलाई ध्यानमा राख्दै सार्वजनिक सुविधाहरूमा भर पर्न सक्ने आवेदकहरूलाई भिसा अस्वीकार गर्न निर्देशन दिएको छ ।यो कदम ट्रम्प प्रशासनको आप्रवासन विरोधी दृष्टिकोणसँग पनि मेल खाएको जनाइएको छ ।

॥ हार्दिक समवेदना ॥



जन्म मिति
वि.स २००९/०४/०२

स्व. सावीत्री देवी

स्वर्गारोहण
वि.स २०८२/०९/२१

श्री धर्म संस्थाका सदस्य श्री राम अधिन साह ज्यूको श्रीमती सावीत्री देवीको देहावसान भएकोमा हामी मर्माहत भएका छौ । शोकको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको लागी माता जानकी जी संग प्रार्थना गर्दछौ । भगवानले शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

राम पल्टन साह, सचिव
प्रभाकर प्रसाद साह, उपसभापति
तारा चन्द्र प्रसाद साह, सभापति

एवं

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार

# बढ्दैछ 'योग क्रान्ति'



काठमाण्डु । नारायण नगरपालिका-२ का ८१ वर्षीय धनबहादुर थापालाई मुटुमा गम्भीर समस्या देखिएपछि चिकित्सकले भारतको गुजरातस्थित एपोलो हस्पिटलमा भर्ना भई तत्काल शल्यक्रिया गर्न सुझाव दिएका थिए। यो उमेरमा शल्यक्रिया गर्दा सन्तानलाई दुःख हुने ठानेर उहाँ उपचार नगरी घर फर्कनुभयो । घर फर्किएलगत्तै पतञ्जली योग समिति दैलेखको योग शिविरमा नियमित 'कपालभाती' प्राणायाम गर्न थाल्नुभएका थापाको अहिले मुटुको समस्या पूर्णरूपमा निको भएको छ ।वृद्ध उमेरमा योगबाट स्वास्थ्य लाभ पाउनुभएका थापा भन्नुहुन्छ, "योग अभ्यासले मानिसलाई नयाँ जीवन दिने रहेछ। अहिले म हिँडेरै सबै ठाउँ पुग्छु, स्मरण शक्ति बाल्यकालको जस्तै तेज भएको छ ।" उहाँ त एक प्रतिनिधि पात्र मात्र हुनुहुन्छ। अहिले दैलेखमा धनबहादुर जस्तै थुप्रै नागरिक योगका माध्यमबाट जटिल रोग निको पारी स्वस्थ जीवन बिताइरहेका छन् ।

पतञ्जली योग समिति दैलेखका मुख्य प्रशिक्षक शङ्कर थापाको पहलमा जिल्लामा योगको लहर आएको हो । आफैँ वर्षौंसम्म ढाडको नशा च्यापिएर र पाचनप्रणालीको समस्याबाट थलिनुभएका थापाले योगकै कारण स्वास्थ्य लाभ गरेपछि जिल्लाभर योग अभियान चलाउनु भएको थियो । उहाँले दैलेखवासीलाई निरोगी बनाउन 'योग भवन' बनाउने सपना देख्नुभयो । उहाँकै निरन्तर सक्रियतामा तत्कालीन कर्णाली प्रदेशसभा सदस्य अमरबहादुर थापाले विनियोजन गर्नुभएको रु ५० लाख बजेटबाट दैलेखमा सुविधा सम्पन्न योग भवन निर्माण भएको छ। अहिले त्यही भवनमा दैलेखवासीले नयाँ जीवन पाइरहेका छन् । मुख्य प्रशिक्षक थापा भन्नुहुन्छ, "खराब जीवनशैली र खानपान सुधार्ने हो भने योगले मुटु, मधुमेह, उच्च रक्तचाप, माइग्रेन, दमलगायत शरीरमा देख्न नसकिने खाले सुक्ष्म रोग निको पार्छ । अहिले आफ्नै भवन भएपछि ६५ देखि ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको सहभागितासमेत उत्साहजनक छ।"

यस्तै योगले महिलाहरूमा हुने जटिल स्वास्थ्य समस्या समाधानमा ठूलो सहयोग पुर्‍याएको छ । नारायण नगरपालिका-२ की भगवती थापा विगत लामो समयदेखि टन्सिलाइटिस र थाइराइडको समस्याबाट पीडित हुनुहुन्थ्यो । सोही समस्याका कारण उहाँले ब्याक्टेरियाको सङ्क्रमण रोक्न हरेक महिना एक हजार एमजीको मोनोसेफ इन्जेक्सन लगाउनुपर्ने बाध्यता थियो । उहाँको स्वास्थ्य अवस्था यति गम्भीर थियो कि हप्तामा एक पटक हातमा 'क्यानुला' अनिवार्य लगाउनुपर्थ्यो । आफ्नो विगतको पीडा स्मरण गर्दै थापा भन्नुहुन्छ, "विगतमा स्वास्थ्य समस्याकै कारण मेरा तीन वटा बच्चा लगातार मृत जन्मिए, चौथो सन्तान पनि जटिल शल्यक्रियामार्फत जन्मिएको हो । तर जब मैले नियमित योग अभ्यास सुरु गरेँ, मेरा सबै स्वास्थ्य समस्याहरू निको भए । अहिले म आफैँ योग शिविरमा मुख्य महिला प्रशिक्षकको रूपमा सक्रिय छु। योगले मेरो जीवनमा ऊर्जा र नयाँ जीवन भरिदियो । " योग जस्तो ओखती अरु छैन, मानिसलाई स्वस्थ जीवनयापन गराउने भनेकै योग रहेछ", थापाले भन्नुभयो ।

दुल्लु नगरपालिका-११ की राधाकुमारी शाही सुगर, मिर्गौलाको पत्थरी, कलेजोमा बोसो जमेको, पेट फुलिनी, खुट्टा सुनिने, उच्च रक्तचाप, युरिकएसिड, पाठेघर र महिनावारीको समस्या योगबाटै निको भएको बताउनुहुन्छ । दर्जनौँ रोगमाथि योगले विजय गरेको कथा सुनाउँदै उहाँ भन्नुहुन्छ, "पहिले मेरो बास अस्पतालमा हुन्थ्यो, "मेरो आधा कमाइ अस्पतालमै सकिन्थ्यो" उहाँ स्मरण गर्नुहुन्छ, "अहिले पैसाको बचत भएको छ र स्वास्थ्य ठीक भएपछि खुसी छु। नयाँ जीवन पाएजस्तै भएको छ।"यस्तै नारायण नगरपालिका-६ की सरिता बुढाको देब्रे खुट्टामा नीला गाँठागुटी देखिने र लामो समयको उपचारले निको नभएको समस्या योगले समाधान गरेको उहाँको अनुभव छ। "अस्पतालले समय-समयमा इन्जेक्सनमार्फत ती गाँठाबाट हरियो पानी निकाल्ने गर्थ्यो बुढा भन्नुहुन्छ, "पहिला अस्पताल धाउँदा हैरान भएकी थिएँ, तर नियमित योग अभ्यासले अहिले सबै गाँठागुटी हराएका छन, म पूर्ण स्वस्थ छु।

नौमूले गाउँपालिका-८ का मणिकुमार रिमालले लामो समयदेखिको गहिरो डिप्रेसन (मानसिक समस्या) योगबाटै निको भएको जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ, "मानसिक रोगले निराशा बनाउँदो रहेछ, "योगले मस्तिष्कलाई सक्रिय बनाउँदो रहेछ, तनाव र चिन्ता सबै हराएर जाँदो रहेछ,"उहाँ सुनाउनुहुन्छ तर योग आसनले मस्तिष्क सक्रिय बनाएपछि अहिले म पूर्ण रूपमा स्वस्थ र खुसी छु।

यस्तै नारायण नगरपालिका-१ का रामकुमार श्रेष्ठले पनि नियमित योग अनुशासनका कारण आफ्नो फिस्टुलाको समस्या समाधान भएको बताउनुहुन्छ । नारायण नगरपालिका-१ की सुस्मा न्यौपाने पनि योगकै कारण नयाँ जीवन पाएको बताउनुहुन्छ। उच्च रक्तचाप, मधुमेह र टन्सिलाइटिसका कारण उहाँ लामो समयदेखि पीडित हुनुहुन्थ्यो । योगले अहिले उच्च रक्तचाप, टन्सिलाइटिस र मधुमेह नियन्त्रणमा छ । नियमित योगकै कारण जटिल बन्दै गएका समस्या विस्तारै सुधार हुँदै गएका छन् । उहाँ भन्नुहुन्छ, ''यदि मैले समयमै योग सुरु नगरेको भए मेरो शरीर थला परिसक्ने थियो । योगले मलाई दिनभर मनमा शान्ति दिने, भावानात्मक रुपमा सकारात्मक ऊर्जा पैदा गरेको छ।''

त्यस्तै, प्रशिक्षकको अनुपस्थितिमा भूमिका निभाउन सक्ने क्षमता बनाउनु भएकी ॠतु मल्लले मोटोपन नियन्त्रण भएको र मन शान्त रहेको अनुभव सुनाउनुभयो । उहाँ भन्नुहुन्छ, '' योगाभ्यास गरेमा मन चङ्गा र शरीर फूर्तिलो हुन्छ । मानिसको विचार, चालचलन, भोजनशैली, आचरण आदिमा सकारात्मक परिवर्तन आउँछ । मानिसमा असल चरित्र, गुण, चिन्तनको विकास हुन्छ ।'' अर्की प्रशिक्षक टीका रिजालले माइग्रेन र महिनावारीको समस्या योगले निको पारेको बताउँदै योगलाई औषधिभन्दा ठूलो उपचारका रूपमा व्याख्या गर्नुहुन्छ । गैरसरकारी संस्था महासङ्घ दैलेखकी अध्यक्ष डिलकुमारी चन्दले शरीरका जोर्नी दुख्ने समस्या हटेर शरीर लचकदार बनेको बताउनुभयो । जिल्लामा सुविधा सम्पन्न योग भवन बनेपछि दैनिक रूपमा योग गर्नेहरूको सङ्ख्या बढ्दो छ । दैलेख अहिले कर्णाली प्रदेशकै एक प्रमुख 'योग हब'का रूपमा विकास भइरहेको छ।

स्वास्थ्य सेवा कार्यालय दैलेखकी जनस्वास्थ्य नर्स अधिकृत हरिकला थापा योगलाई एक प्रकारको 'ठूलो प्राकृतिक अस्पताल' मान्नुहुन्छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य परियोजना शाखा प्रमुख समेत रहनुभएकी थापाले दीर्घकालीन रूपमा रोगमुक्त रहन योग विज्ञानको महत्व बुझ्न अपरिहार्य रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, ''मैले योगको महत्व बुझेरै नछुटाएर आउने गरेको छु । अस्पतालको औषधिले तत्काल फाइदा गरे पनि त्यसको नकारात्मक असर (साइड इफेक्ट) हुनसक्ने र त्यसले अर्को स्वास्थ्य समस्या ल्याउने सम्भावना रहन्छ ।'' सबै नागरिकलाई उपचारका लागि आवश्यक पैसा जुटाउन कठिन हुने वर्तमान अवस्थामा नियमित योग अभ्यासले खर्च बचत गर्नुका साथै शरीरलाई दीर्घकालसम्म स्वस्थ राख्न मद्दत पुर्‍याउने उहाँको भनाइ छ ।" नियमित योगले मन शान्त हुने, शरीरमा स्फूर्ति र ऊर्जा बढ्ने तथा दिमाग तेजिलो हुने भएकाले दीर्घकालीन रोगबाट मुक्ति पाउन यो अचुक औषधि सावित हुने उहाँ बताउनुहुन्छ।

मुटुका रोगीहरूका लागि योग अत्यन्त फाइदाजनक छ । उचित खानपान, व्यायाम, तनाव व्यवस्थापन, प्राणायाम, ध्यान आदि मुटुको रोगको उपचारका लागि आवश्यक र सहयोगी विषय हुन् । यसबाट उच्च रक्तचाप, मधुमेह, कोलेस्टेरोल, मोटोपन आदि घट्ने हुन्छ र मुटुलाई स्वस्थ बनाउन सहयोग पुग्छ। मानसिक तनाव घटाउन योगको प्राणायाम र ध्यानभन्दा प्रभावकारी अर्को पद्धति नभएको योग प्रशिक्षक बताउनुहुन्छ । नारायण नगरपालिका क्षेत्रका स्थानीय बासिन्दा पछिल्लो समय नियमित योग अभ्यासतर्फ आकर्षित भएका छन् । योगकै माध्यमबाट वर्षौंदेखि बल्झिएका जटिल स्वास्थ्य समस्या समाधान हुन थालेपछि उनीहरूमा योगप्रतिको विश्वास बढेको हो ।रासस

# बाँकेमा जलपन्छीको वासस्थान जोखिममा

नेपालगन्ज । बाँकेमा पानीमा आश्रित जलपन्छीको वासस्थान जोखिममा रहेको पाइएको छ। बाँकेमा दुई दिन सम्म भएको जलपन्छी गणनाका क्रममा सो अवस्था देखा परेको हो। विभिन्न तालतलैया, सिमासर र जलाशय क्षेत्र तथा नदीमा जलपन्छीको गणनापछि जथाभावी विषादीको प्रयोग, भौतिक पूर्वाधारको विकासलगायतका कारण जलपन्छीको वासस्थान जोखिममा रहेको नेपाल पन्छी संरक्षण सङ्घका परियोजना अधिकृत भुपाल नेपालीले जानकारी दिनुभयो।

उहाँले बाँकेको राप्ती नदी तटीय क्षेत्र कुसुम, अगैया, सिधनियाघाट, तालतलैया तथा जलाशय क्षेत्रमा जलपन्छीको गणना गरिएको उल्लेख गर्दै नेपालगन्जमा रहेको कान्तितालमा विगतमा भन्दा जलपन्छी घटेको पाइएको बताउनुभयो। "पहिलेको वर्षमा ५५ प्रजातीका जलपन्छी देखेका थियौँ तर अहिले त्यो अवस्था घटेको देख्यौँ", उहाँले भन्नुभयो। जिल्लामा करिब ५० प्रजातिका जलपन्छी रहेको जानकारी दिँदै नेपालीले सबैभन्दा बढी चखेवा र सिलसिले हाँस पाइएको उल्लेख गर्नुभयो। नेपालमा हरेक वर्ष जनवरीको पहिलो हप्तादेखि जलपन्छी गणना हुँदै आएको छ। यस वर्ष नेपालका विभिन्न स्थानमा पुस १९ गतेदेखि जलपन्छीको गणना सुरु गरिएको र माघ ४ गतेसम्म अन्य जिल्लामा गणना गरिने उहाँको भनाइ छ।

जाडो याममा उत्तरी ध्रुवमा हिउँ पर्ने हुँदा त्यहाँका चरालाई आहारविहारको समस्या पर्ने हुँदा हरेक वर्ष आगन्तुक चरा खानाको खोजीमा बसाइँसराइ गरी यतातिर आउने गरेको उहाँको भनाइ छ। "उत्तरी ध्रुवमा हिउँ परेपछि आहारविहारको कमी हुने हुँदा बसाइँसराइ गरेर चरा नेपाल आउने गर्छन्, विश्वमा चराका आठ वटा उडान मार्ग छन्, नेपाल दक्षिण एसिया मार्ग पर्छ, विभिन्न देशबाट चरा यो मार्ग हुँदै नेपाल आउँछन्, प्रायः हाँस प्रजातिका बढी आउने गर्दछन्, उनीहरुको अवस्थाका बारेमा हामीले तथ्याङ्क सङ्कलन गर्दछौँ", नेपालीले भन्नुभयो।

यसबाहेक स्थानीय प्रजातिका चिबे चरा पनि देखिएको उल्लेख गर्दै कम देखिएका प्रजातिको विश्लेषण बाँकी रहेको बताउनुभयो। परियोजनाका अर्का अधिकृत अमृत नेपालीले जलपन्छीको वासस्थान जोखिममा रहेकाले वासस्थान सुरक्षित गराउनुपर्नेमा जोड दिनुभयो। रासस

# एकसाथ तीन चलचित्र प्रदर्शनमा




काठमाण्डु । माघेसङ्क्रान्तिको अवसर पारेर विहीबारदेखि तीन नयाँ नेपाली चलचित्र 'गोबर गणेश', 'भाइरल गोर्खे' र 'मिरमिरे' नेपालभरका चलचित्र भवनमा प्रदर्शन भएको छ । माघेसङ्क्रान्तिलाई लक्षित गर्दै दिइने बिदालाई लक्षित गर्दै चलचित्रका निर्माता तथा निर्देशकले चलचित्रले दर्शकको साथ पाउने अपेक्षासहित चलचित्र प्रदर्शनमा ल्याएका हुन् । यी तीनै चलचित्र सामाजिक कथावस्तुमा आधारित छन्।

चलचित्र 'भाइरल गोर्खे'को विषय सामाजिक सञ्जालसँग जोडेर तयार गरिएको छ। सामाजिक सञ्जालको बढ्दो दबदबाबीच ' भाइरल' बन्ने ध्याउन्नमा रहेकालाई चलचित्रले मनोरञ्जनसँगै सन्देश पनि दिने अभिनेता सौगात मल्लले बताउनुभयो ।उहाँले भन्नुभयो, "चलचित्रको विषयवस्तु केवल 'टिकटक'सँग जोडिएको भए सायद म अभिनय गर्थिन होला, तर त्यहाँ समाज र परिवेश जोडिएको छ, एउटा सामान्य व्यक्तिको भाइरल हुने लालस र त्यसले निम्त्याउने आरोहअबरोह चलचित्रमा समेटिएको छ, भाइरल हुन जति मेहनत गर्नुपर्छ, त्यति नै त्यहाँ टिकिरहन मेहनत गर्नुपर्छ, विद्यमान परिवेशमा दर्शकलाई आकर्षित गर्न चलचित्र सफल हुनेछ।"

'भाइरल गोर्खे' चलचित्रको पटकथा पढेपछि सबै अभिनेता लोभिने जनाउँदै मनोरञ्जन प्रदान गर्ने समयसान्दर्भिक विषयवस्तु समेटिएको पाएपछि प्रस्ताव स्वीकार गरी चलचित्रमा जोडिएको उहाँले बताउनुभयो । निगम श्रेष्ठको निर्देशनमा तयार भएको उक्त चलचित्रमा अभिनेता मल्लसँगै अभिनेत्री तथा पूर्वमिस नेपाल सृष्टि श्रेष्ठ, बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमलालगायतले अभिनय गर्नुभएको छ।

विहीबारदेखि नै प्रदर्शन भएको चलचित्र ' मिरमिरे'मा बुवा र छोरीबीचको सम्बन्धको कथा देखाइएको छ। अभिनेता दयाहाङ राईले चलचित्रले सामाजिक विषयसँगै भावनात्मक सम्बन्धका विभिन्न पाटालाई समेटेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले प्रचार सामग्रीमा चलचित्रको विषयलाई बिम्बका रूपमा प्रस्तुत गरेका छौँ, यो विषयले हरेक बुवा र छोरीलाई छोइरहेको महसुस हुन्छ, हामी सबैले मेहनत गरेर दर्शकका लागि राम्रो चलचित्र ल्याउने प्रयास गरेका छौँ।"

उक्त चलचित्रका निर्देशक यम शेर्पाले विषयवस्तु नयाँ र मौलिक रहोस् भन्ने उद्देश्यले सबै कलाकारसँग समन्वय गरी छोटो समयमा चलचित्र तयार गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "कथालाई पटकथामा रूपान्तरण गरेपछि ढिला गर्नु हुँदैन भन्ने लाग्यो, हामीले मेहनत गरेर फिल्म बनाउँछौँ, तर हामीभन्दा अगाडि विदेशी चलचित्रमा यस्तै कथा देखियो भने नक्कल गरेको आरोप लाग्न सक्छ, त्यसैले यो कथालाई छिटो दर्शकमाझ पुर्‍याउनुपर्छ भन्ने लागेर निकै मेहनतका साथ काम गरेका हौँ।" यार्सा फिल्म्सद्वारा निर्माण गरिएको 'मिरमिरे'मा माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठलगायतका कलाकारले पनि अभिनय गर्नुभएको छ।

विहीबारदेखि नै प्रदर्शन भएको चलचित्र ' गोबर गणेश'लाई 'बल्छी धुर्वे' का रूपमा चिनिनु भएका कलाकार मरिचमान श्रेष्ठले निर्देशन गर्नुभएको छ। उहाँकै मुख्य भूमिका रहेको उक्त चलचित्रमा आमालाई खुसी पार्ने सपना बोकेर गाउँको एक ठिटो सहरमा आएपछि हुने उतारचढाव देखाइएको छ। उक्त चलचित्रमा वर्षा शिवाकोटी, पूजन घिमिरे, सीतादेवी तिमल्सिना, पदम तामाङलगायतका कलाकारले अभिनय गर्नुभएको छ।

तीन नयाँ चलचित्र एकसाथ प्रदर्शनमा आएता पनि चलचित्र भवनमा दर्शकको चाप देखिएको छैन । प्रायः बिदाको समयमा चलचित्रले राम्रो व्यापार गर्ने गरेको र सोही कारण माघेसङ्क्रान्ति निर्माताको रोजाइमा परेको हो ।रासस


**Invitation for Bids**

**Janaknandini Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Khajuri, Dhanusha**
**Madhesh Province, Nepal**
**Construction Of Asphalt Concrete Road From Kathal To Patnuka Ramjanki Mandir**
**Invitation for Bids No: JRM/WORKS/NCB-01/2082-083**

**Date of publication: 2026/01/16**

1. Janaknandini Rural Municipality has allocated funds from government of nepal towards the cost of Construction of asphalt concrete road from kathal to patnuka ramjanki mandir and intends to apply part of the funds to cover eligible payments under the Contract for JRM/WORKS/NCB-01/2082-083. Bidding is open to all eligible as per Section V of bidding document.
2. Janaknandini Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction of asphalt concrete road from kathal to patnuka ramjanki mandir under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: [ NRS.40500000/-]
   - Minimum Work experience of similar size and nature: [NRS.4,86,00000/-]As Per SBD
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
Or
Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Janaknandini Rural Municipality,Dhanusha] or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office [Janaknandini Rural Municipality,Dhanusha] eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 5000 till 2026/02/16,12:00 during office hours.
Or
Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below .
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Agricultural Development Bank
**Name of Office :** Janaknandini Rural Municipality
**Office Code no. :** 80217502300
**Account no.:** 1005501691646010
**Rajaswa (revenue) Shirshak no. :** 14229
6. Pre-bid meeting shall be held at Janaknandini Rural Municipality at 2026/02/06,13:00
7. Sealed or electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 pm on 2026/02/16 . Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm,2026/02/16 at the office of Janaknandini Rural Municipality,Khajuri,dhanusha meeting Hall. Bids must be valid for a period of 90+30days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Rs.2000000/- which shall be valid for 30 days beyond the validity period of the bid .

# धुमधामका साथ मनाइयो माघी (खिचडी) पर्व

**टुडे समाचारदाता**

वीरगञ्ज। तराई मधेश क्षेत्रमा माघी पर्व धुमधामकासाथ सम्पन्न भएको छ। सो क्रममा आदिवासी थारु समुदायले यसलाई नयाँ वर्ष २६५० का रुपमा मनाएका छन्। माघीको अवसरमा वीरगञ्जको आदर्शनगर स्थित स्वीमीग पुलमा एक भव्य कार्यक्रमको आयोजना गरी धुमधामका साथ मनाइएको छ। माघी खिचडी मूल समारोह समिति पर्साको आयोजनामा सम्पन्न कार्यक्रममा शुभकामना आदान-प्रदान, सांस्कृतिक कार्यक्रम, स्वास्थ्य शिबिर र रक्तदान कार्यक्रम सहित थारु समुदायको सांस्कृतिक झलकिने र्‍याली लगायतका कार्यक्रमको आयोजना गरिएको थियो।




यसअघि थारु समुदायको परम्परागत संस्कृति र मौलिक पहिचानलाई संरक्षण प्रवर्द्धन गर्ने उद्देश्यका साथ र्‍यालीको आयोजना गरिएको थियो। उक्त रेयाली वीरगञ्ज नगर परिक्रमा गर्दै स्वीमिगंपुलमा पुगेको थियो। थारु भेषभूषा, बाजागाजा र सांस्कृतिक झाँकीसहित निकालिएको र्‍यालीले वीरगञ्जवासीको ध्यान आकर्षित गरेको थियो।

कार्यक्रममा घुम्टो नाच, सामा-चकेवा, झम्टा, थारु पूर्वी नाचलगायत सांस्कृतिक नृत्यहरूले उपस्थित दर्शकलाई आकर्षित बनाएको थियो। बालबालिकाहरूले प्रस्तुत गरेका गीत-नृत्य तथा बाल कला प्रदर्शनीले कार्यक्रमलाई थप मनमोहक बनाएको थियो।

कार्यक्रमस्थलमा थारु समुदायका परम्परागत खानाका प्रदर्शनी पनि राखिएको थियो।जसमा घोङ्गी, केकडा, माछा, परेवा, हाँस, कुखुरा, चिचरजस्ता परिकारहरूले थारु खानपान संस्कृतिको झल्को दिएको थियो। स्थानीय तथा अन्य समुदायका सहभागीहरूले थारु परिकारको स्वाद लिन पाएकोमा खुसी व्यक्त गरेका थिए।

समारोहका आर्थिक समिति संयोजक नन्दकिशोर पञ्जियारका अनुसार पुस ३० गते पावरहाउस चोकदेखि मकालु हुँदै घण्टाघरसम्म मोटरसाइकल र्‍याली आयोजना गरिएको थियो। सोही दिन साँझ वीरगञ्जको घण्टाघरमा दीप प्रज्वलन गरी माघे पर्वको औपचारिक शुभारम्भ गरिएको थियो। कार्यक्रम स्थलमा रक्तदान तथा स्थास्थ्य शिबिर कार्यक्रम समेतको आयोजना गरिएको थियो। कार्यक्रममा पर्सा जिल्लाका आदिवासी जनजाति समुदायका साथै विभिन्न समुदायका सर्वसाधारण नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो। यस्तै, पर्साको सखुवा प्रसौनी गाउँपालिको पचगावामा पनि थारु सम्वत् २६५० नयाँ वर्षको अवसरमा माघी (खिचडी) पर्व धुमधामका साथ मनाइएको छ। त्यहाँ आयोजना गरिएको थारु सांस्कृतिक कार्यक्रममा स्थानीय कलाकारहरूले पनि नृत्य-गीत प्रस्तुति गर्नुका साथै परम्परागत खानपानको आयोजना गरेका थिए।

माघी पर्वले थारु समुदायमा नयाँ वर्षको सुरुवात, आपसी मेलमिलाप र सांस्कृतिक गौरवको सन्देश दिने भएकाले यस प्रकारका कार्यक्रमले सामाजिक सद्भाव र सांस्कृतिक विविधतालाई अझ सुदृढ बनाउने विश्वास आयोजकहरूले व्यक्त गरेका छन्।

# किसानलाई सम्मान र संरक्षण आवश्यक : सभामुख यादव

"मुलुकको समृद्धि र विकासको मुख्य आधार कृषि र पर्यटन नै भएकाले यस क्षेत्रमा केन्द्रित नीति तथा कार्यक्रम आवश्यक छन्," सभामुख यादवले भने।

**टुडे समाचारदाता**

लहान। मधेश प्रदेशका सभामुख रामआशिष यादवले मधेशको समृद्धिका लागि किसानलाई सम्मान गर्न र कृषिसँग जोडिएका व्यवसायलाई संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।




लहान-११ स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडको २१औँ साधारणसभालाई सम्बोधन गर्दै सभामुख यादवले कृषि प्रधान देश नेपालमा कृषिका लागि सबैभन्दा उपयुक्त मधेश प्रदेशका किसान अझैसम्म सम्मानित हुन नसक्दा कृषिप्रति मोह घट्दै गएको बताए। यसतर्फ सरकार र सरोकारवाला निकायले गम्भीर ध्यान दिनुपर्ने उनको जोड थियो।

"मुलुकको समृद्धि र विकासको मुख्य आधार कृषि र पर्यटन नै भएकाले यस क्षेत्रमा केन्द्रित नीति तथा कार्यक्रम आवश्यक छन्," सभामुख यादवले भने।

उनले साना किसान कृषि सहकारी संस्था पडरियाले गरेको नमुना कार्य प्रदेश सरकारका लागि गौरवको विषय भएको उल्लेख गरे। सात प्रतिशतमा ऋण प्रवाह, नौ प्रतिशत ब्याजदर, रोजगारी र उद्यमशीलतामा महिलालाई दिइएको प्राथमिकता प्रशंसनीय रहेको उनको भनाइ थियो। किसान कार्ड, पशु बिमा, सहुलियतपूर्ण ऋण तथा कृषिसँग आबद्ध व्यवसायको संरक्षणका लागि आफूले सक्दो भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे।

सभामुख यादवले मधेशको कृषि क्षेत्र महिलाले नै धानेको उल्लेख गर्दै वैदेशिक रोजगारीमा जाने युवालाई कृषितर्फ आकर्षित गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा प्रदेश सभा सदस्यहरू सहिदा खातुन, ललिता दास र राजेन्द्रप्रसाद चौधरीले सहकारीमा महिला सहभागिता र उद्यमशीलताका कारण नौ करोड रुपैयाँभन्दा बढी बचत भएको बताए। सहकारीकै माध्यमबाट साहु-महाजनबाट लिने चर्को मिटर ब्याजको अन्त्य भएको उनीहरूको दाबी थियो।

उनीहरूले लहान-११, पडरियामा जग्गा लिजमा लिएर निर्माण सुरु गरिएको शीतभण्डार अहिलेसम्म अलपत्र अवस्थामा रहनु विडम्बनापूर्ण भएको भन्दै यस विषयमा सरकारको ध्यानाकर्षण गराउन सभामुख यादवसमक्ष आग्रह गरे।

साना किसान कृषि सहकारी संस्था पडरियाले विगतका वर्षमा शतप्रतिशत ऋण असुली गरेको र यस वर्ष ९८ प्रतिशत असुली भएको जानकारी दिइयो। सहकारीका अध्यक्ष मागैन कामैतका अनुसार सहकारीमा ९५ प्रतिशत सेयर होल्डर रहेका छन्। "यस वर्ष पडरिया चोकमा कृषि हाटबजार, दूध तथा मासु उत्पादन र तरकारी खेती प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ," उनले भने।

प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरीले संसद् विकास कोषबाट ४९ लाख रुपैयाँ भवन निर्माणका लागि बजेट विनियोजन भएको जानकारी दिए। कार्यक्रममा सात जना विद्यार्थी र साना किसान सहकारीकी एक सय वर्षीया गर्भु रामलाई नगदसहित सम्मान गरिएको थियो।

# काँग्रेसको विशेष महाधिवेशनबाट रौतहटले एकैसाथ तीन केन्द्रीय सदस्य पायो



**टुडे समाचारदाता**

रौतहट। नेपाली काँग्रेसको दोस्रो विशेष महाधिवेशनबाट देवप्रसाद तिमलसिना, नागेन्द्र साह र अञ्जु झा केन्द्रीय सदस्य पदमा निर्विरोध निर्वाचित भएका छन्। रौतहटबाट एकैपटक तीन जना केन्द्रीय सदस्य निर्वाचित हुनु जिल्लाका लागि ऐतिहासिक उपलब्धि मानिएको छ।

क्षेत्र नम्बर १ अन्तर्गत दुर्गा भगवती गाउँपालिकाका नागेन्द्र साह, इशनाथ नगरपालिकाकी अञ्जु झा र चन्द्रपुर नगरपालिकाका देवप्रसाद तिमलसिना निर्विरोध निर्वाचित भएपछि जिल्लाबासीमा उत्साह थपिएको छ।

एकैसाथ तीन जना केन्द्रीय सदस्य चयन हुनु रौतहटका लागि गौरवको विषय भएको उल्लेख गर्दै स्थानीय नेताहरूले यसले पार्टीभित्र समावेशी र नयाँ नेतृत्वको उदयलाई संकेत गर्ने बताएका छन्।

नवनिर्वाचित पार्टी केन्द्रिय अध्यक्ष गगनकुमार थापाको नेतृत्वमा बनेको नयाँ टिमले नेपाली काँग्रेसलाई थप ऊर्जा दिने विश्वास व्यक्त गरिएको छ। लामो समयदेखि संस्थापन पक्षको प्रभावमा पार्टी सीमित हुँदै गएको आरोपका बीच अब युवापुस्ताको काँधमा आएको जिम्मेवारीले काँग्रेसलाई नयाँ दिशातर्फ लैजाने अपेक्षा गरिएको छ।

# अंगराज सरको डिलमा माघे संक्रान्तिको रौनक, खिचडी भोजमा सयौँको सहभागिता

**टुडे समाचारदाता**

जनकपुरधाम। माघे संक्रान्तिकोअवसरमाप्रत्येकवर्षझैँ यसवर्षपनिमधेशप्रदेशकोराजधानी जनकपुरधाममा परम्परागत खिचडी भोजको आयोजना गरिएको छ।



जनकपुरधामको जानकी चोकस्थित ऐतिहासिक अंगराज सर (अरगज्जा) पोखरीको डिलमा आयोजित खिचडी भोजले मिथिला संस्कृतिको संरक्षण र सामाजिक एकतामा जोड दिएको छ।जानकी चोकका करिब दुई दर्जन युवाहरूको पहलमा आयोजना गरिएको यस भोजको उद्देश्य धार्मिक पर्वलाई सामूहिक रूपमा मनाउँदै आपसी सद्भाव, भाईचारा र सांस्कृतिक पहिचानलाई मजबुत बनाउनु रहेको आयोजकले बताएको छ।

युवा अगुवा सुशील कर्णका अनुसार विगत एक दशकभन्दा बढी समयदेखि निरन्तर रूपमा खिचडी भोजको आयोजना हुँदै आएको छ। 'मिथिला संस्कृतिमा माघे संक्रान्तिको विशेष महत्व छ। यो भोज हाम्रो परम्परा र सामाजिक सम्बन्ध जोगाउने माध्यम हो,' कर्णले भने।

माघे संक्रान्ति मिथिला क्षेत्रमा ऋतु परिवर्तनको समयको रूपमा मनाइने महत्वपूर्ण पर्व हो। यस अवसरमा खिचडी पकाएर सामूहिक रूपमा खाने चलन पुरानै हो। स्थानीयका अनुसार खिचडी भोजले समाजका विभिन्न वर्ग र समुदायलाई एउटै ठाउँमा ल्याउने काम गर्दछ।आयोजम मध्येक किशन मण्डलले खिचडी भोजलाई मिथिला संस्कृतिमा सम्बन्ध विस्तारको अटुट माध्यमको रूपमा व्याख्या गर्दै यसको निरन्तरताको आवश्यकता औँल्याए।'यस्ता कार्यक्रमले नयाँ पुस्तालाई आफ्नो संस्कृति चिनाउन मद्दत गर्छ,' उनले भने।भोजमा खिचडीसँगै पापड, अचार, दही, चिनी र घ्यूसहितका परिकारको व्यवस्था गरिएको थियो।

सहभागीहरूले परम्परागत स्वादसँगै आत्मीय वातावरणको अनुभव गरेका थिए। कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, उद्योगी, व्यापारी, स्थानीय बासिन्दा, सञ्चारकर्मी तथा समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।आयोजक युवाहरूले यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र व्यापक बनाउँदै आगामी वर्षहरूमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।सहभागीहरूले खिचडी भोजले जनकपुरधामको सामाजिक सद्भाव र सांस्कृतिक पहिचानलाई थप सुदृढ बनाएको प्रतिक्रिया दिए।

# मैथिली भाषा र रंगमञ्चको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय नाट्य महोत्सव हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम। मैथिली भाषा, साहित्य, कला र नाट्य विधालाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यसहित जनकपुरधाम साहित्य कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८२ आयोजना हुने भएको छ।



महोत्सव आगामी फागुन ५ देखि ८ गतेसम्म (१७-२० फेब्रुअरी २०२६) जनकपुरधाम-८ स्थित मैथिली विकास कोषको 'मैथिली भवन' मा सञ्चालन हुन लागेको हो।

महोत्सवका आयोजक तथा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले यो महोत्सव मनोरञ्जनको कार्यक्रम नभई मैथिली सभ्यता, पहिचान र सिर्जनात्मक चेतनाको उत्सव भएको बताए।

'नाटक, साहित्य र कला समाजको ऐना हुन्। यस महोत्सवमार्फत हामी मैथिली भाषा र संस्कृतिलाई नयाँ पुस्तासम्म पुर्‍याउन चाहन्छौं,' अध्यक्ष चौधरीले भने।उनका अनुसार महोत्सवमा स्वदेशी तथा विदेशी नाटक मञ्चन, साहित्यिक गोष्ठी, कला प्रदर्शनी, कविता वाचन तथा सांस्कृतिक प्रस्तुति समावेश गरिनेछ।'अन्तर्राष्ट्रिय नाट्य समूहको सहभागिताले जनकपुरधामलाई विश्व रंगमञ्चसँग जोड्ने अवसर प्रदान गर्नेछ,' उनले थपे।

अध्यक्ष चौधरीले महोत्सव सफल बनाउन साहित्यकार, कलाकार, बुद्धिजीवी, विद्यार्थी तथा आम नागरिकलाई सहभागिताका लागि आमन्त्रणसमेत गरेका छन्।'जनकपुरधामको सांस्कृतिक गरिमालाई विश्वसामु चिनाउने यो अवसर सबैको साझा प्रयासबाट मात्र सम्भव छ,' उनको भनाइ छ।महोत्सवले जनकपुरधामलाई साहित्य र नाट्यको केन्द्रका रूपमा स्थापित गर्नुका साथै स्थानीय कलाकारलाई अन्तर ाष्ट्रिय मञ्चमा चिनाउने विश्वास गरिएको छ।

# धनुषामा जंगली हातीको त्रास

**टुडे समाचारदाता**

जनकपुरधाम। जंगली हात्ती बस्तीमा पसेपछि धनुषाधाम नगरपालिकाको वस्तीमा त्रास फैलिएको छ। गए राति करिब ११ बजेको समयमा धनुषाधाम नगरपालिका वडा नं ६ हरिपुर स्थित बस्तीमा पसेका हात्तीले तीन वटा घरमा क्षति पुर्याएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार हात्तीको आक्रमणबाट स्थानीय सुकुमाया मिजार, प्रेम लामा र खले मिजारको घरमा क्षति पुगेको हो।



रातिको समयमा अचानक जंगली हात्ती बस्तीमा प्रवेश गरी घरहरू भत्काउन थालेपछि बासिन्दा घर छाडेर सुरक्षित स्थानतर्फ भाग्न बाध्य भएको स्थानीय नथे लामाले बताए। हात्तीले घरका भित्ताहरू, ढोका-झ्याल तथा भण्डारण गरिएको अन्नपातमा समेत क्षति पुर्‍याएको उनले बताए।

बस्तीमा हात्तीको वितण्डापछि त्यस वरपरका बासिन्दा त्रसित बनेका छन्। 'राति घरमै हात्ती पसेपछि बालबालिका र वृद्धलाई लिएर ज्यान जोगाउनै हम्मेहम्मे भयो, 'हात्तीको वितण्डाबाट पीडित भएका खले मिजारले भने, 'घरमा त क्षति भयो नै। अन्नपात पनि छाडेनन्।' आफूहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्न र दीर्घकालीन समाधानका लागि प्रभावकारी कदम चाल्नुपर्ने मिजारको माग छ।

बस्तीमा दुईवटा बच्चा हात्तीसहित चारवटा हात्ती पसेको मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले जानकारी दिए। हात्ती यसै क्षेत्रमा रहेकोले स्थानीयहरूले आवश्यक सावधानी अपनाएर सचेत रहनुपर्ने बताए। जीवजन्तुको विषयमा जानकार समेत रहेका अध्यक्ष मण्डलले यो हात्तीको पौराणिक मार्ग रहेको रोचक तथ्य खुलाए। 'हात्तीको यो परम्परागत बाटो हो। त्यो बाटोमा बस्ती बसालेपछि जोखिम बढेको हो, अध्यक्ष मण्डलले भने 'स्थानीयहरू सचेत बस्नुपर्छ। ठाउँ-ठाउँमा आगो बाल्ने, थाल ठट्टाउनेजस्ता उपायहरू अपनाउनुपर्छ।'

प्रहरी र वन कर्मचारीको संयुक्त टोली हात्तीलाई जंगलतर्फ फर्काउने प्रयासमा जुटेको र थप क्षति हुन नदिन बस्ती वरपर निगरानी बढाइएको बताइएको छ।

निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचमा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८